वर्ष : १९, अंक : ३०, काठमाडौं, २०८० मंसिर १५ गते शुक्रबार, 1 December, 2023, Friday पृष्ठ : ८, मूल्य रू : १०/-

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक
# मधेशवाणी
The Voice of Madhesh

डिजिटल प्लेटफर्ममा मधेशवाणी
https://www.facebook.com/madheshvani
https://twitter.com/madheshvani
https://www.youtube.com/@madheshvanit.v.7538
https://www.madheshvani.com

## मधेश प्रदेशको दुई समितिले पाए सभापति




जनकपुरधाम । मधेश प्रदेश सभामा रिक्त रहेको दुई वटा समितिले सभापति प्राप्त गरेको छ । दलीय सहमतिको आधारमा नेपाली काँग्रेस तथा नेकपा एकीकृत समाजवादी पार्टीले ती दुई समितिका सभापति पाएका छन् ।
एक वर्ष पछि प्रदेश सभाको कृषि तथा भूमि व्यवस्था समितिको सभापति पदमा नेपाली काँग्रेसका प्रदेश सभाका सदस्य संजय कुमार यादव र प्रदेश मामिला समितिको सभापतिमा नेकपा एकीकृत समाजवादी पार्टीका तर्फबाट रत्नेश्वरलाल गोईत सर्वसम्मतिले निर्वाचित भएका छन् ।
नव निर्वाचित भएका सभापतिहरूलाई प्रदेश सभाका सभामुख रामचन्द्र मण्डलले पद तथा गोपनीयताको शपथ ग्रहण गराएका छन् । नव निर्वाचित सभापतिलाई सभामुख मण्डल सहित प्रदेश सभाका सदस्यहरु तथा विभिन्न दलका नेताहरूले सफल कार्यकालका लागि शुभकामना दिँदै स्वागत गरेका हुन् ।
यसैबीच प्रदेश सभाको बैठकको विशेष समयमा बोल्ने अधिकांश प्रदेश सभाका सदस्यहरुले नव निर्वाचित सभापतिहरूलाई सफल कार्यकालका लागि शुभकामना दिए । यसरी शुभकामना दिनेमा नेकपा एमालेका हरिनारायण महतो, जनता समाजवादी पार्टी नेपालका तर्फबाट मनिष सुमन रहेका छन् ।
उहाँहरूले प्रदेश सरकारले प्रदेश सभा तथा समितिहरूले राम्रोसँग काम नगरोस् भन्ने पक्षमा रहने गरेको आरोप लगाउँदै समितिहरू आफैमा सिङ्गो संसद् भएको र सरकारको कमी कमजोरीलाई औँल्याउने गरेका कारणले नरुचाउने गरेको बताए ।

## समावेशी आयोगलाई मा. उपेन्द्र यादवको सुझाव
# 'आर्थिक र शैक्षिक स्तरको आधारमा आरक्षणको मापदण्ड तोकियोस्'



काठमाडौं । जनता समाजवादी पार्टी नेपालका अध्यक्ष मा. उपेन्द्र यादवले जनताको शैक्षिक र आर्थिक स्तरको आधारमा समावेशी आरक्षणको मापदण्ड तोक्नु पर्ने सुझाव दिनु भएको छ । देशमा समावेशीकरण र आरक्षणको मापदण्ड र यसको उपभोग त्रुटिपूर्ण रहेको टिप्पणी गर्दै उहाँले हालको मापदण्डलाई परिमार्जन गर्नु पर्ने बताउनुभयो ।
काठमाडौंको पुल्चोकस्थित बुधबार राष्ट्रिय समावेशी आयोगको छलफलमा जसपा अध्यक्ष यादवले भन्नुभयो,- 'हामीले संघर्ष गरेर समाजको जुन वर्ग, समुदाय र व्यक्तिका लागि समावेशी, समानुपातिक र आरक्षण जस्ता प्रावधान ल्यायौं, पींधमा पारिएका तिनै व्यक्ति यी सुविधाबाट बञ्चित छन् ।'
समावेशी आयोगले पिछडावर्गको नयाँ परिभाषा र मापदण्ड तय गर्न सुझाव संकलनका लागि जसपा अध्यक्ष यादवसँग छलफल गरेको हो ।
पछाडि पारिएका सीमान्तकृत वर्गभित्रकै हुनेखाने चतुर व्यक्तिले आरक्षणको दुरुपयोग गर्दै आएको अध्यक्ष यादवले टिप्पणी गर्नुभयो । काठमाडौंमा घर भएका, व्यापार व्यवसायमा जमेका, आर्थिक एवं शैक्षिक रुपले बलियो भएका व्यक्ति नै सबैभन्दा बढी आरक्षणको दुरुपयोग गरेको उहाँले बताउनुभयो ।
'पिछडा वर्गभित्रका आर्थिक, शैक्षिक र राजनैतिक रुपले सक्षम भएका जुनसुकै जाति वा व्यक्तिलाई आरक्षणको सुविधा दिनुहुन्न'- पिछडावर्गको नयाँ मापदण्ड तोक्ने सवालमा आयोगलाई सुझाव दिँदै अध्यक्ष यादवले भन्नुभयो,- 'जाति वा वर्ग होइन, गरिबी र शैक्षिक स्तरको आधारमा आरक्षणको सुविधा दिनुपर्छ ।'
भाषा, धर्म र जातिलाई आधार मानेर अल्पसंख्यकको परिभाषा र मापदण्ड तोक्नु पर्ने उहाँले बताउनुभयो ।
गरिबीको रेखामुनि रहेका बहुसंख्यक जनता राज्यको सेवा सुविधाबाट बञ्चित हुनु परेको भन्दै अध्यक्ष यादवले भन्नुभयो,- 'जनसंख्यालाई आधार मानेर अल्पसंख्यकको सुविधा दिनु गलत हो, ऊ संख्याको हिसाबले अल्पसंख्यक हुनसक्छ । तर आर्थिक र शैक्षिक रुपले त्यो वर्ग बलियो छ भने उसलाई पिछडावर्गले पाउने सुविधा दिनहुन्न । बरु उसलाई जातिय अल्पसंख्यक कोटामा राख्न सकिन्छ ।'

## तमलोपाद्वारा संघीय गणतन्त्रवादी शक्तिहरूलाई एकजूट हुन अपील



जनकपुरधाम । तराई-मधेश लोकतान्त्रिक पार्टीको अध्यक्ष वृषेश चन्द्र लालको अध्यक्षतामा जनकपुरधाममा आज सम्पन्न पार्टीको केन्द्रीय कार्यसमितिको बैठकले देशका सबै संघीय गणतन्त्रवादी शक्तिहरुलाई गणतन्त्र संघीयता र लोकतन्त्र विरुद्ध भइरहेका षडयन्त्रहरु विरुद्ध एकजूट हुन आह्वान गरेको छ ।
आज सम्पन्न तमलोपाको यस बैठकले मधेश प्रदेश सरकारसंग प्रदेशको उन्नति र विकासको निमित्त दृष्टि, रणनीति, योजना र प्रतिवद्धताको आभाव रहेको आरोप लगाउँदै वर्त्तमान प्रदेश सरकारले मधेश प्रदेशलाई कतातिर कुन दिशामा लान खोजेको हो, स्पष्ट छैन भनेको छ ।
तमलोपाले प्रदेशमा सुक्दै गएको कृषि व्यवसाय, बढ्दो बेरोजगारी र श्रमिकहरुको बढ्दो विदेशिने बाध्यता, शैक्षिक संस्थान र क्याम्पसहरुको गिर्दो स्थिति, प्रदेशमा आकाशिंदो भ्रष्टाचार, महंगो स्वास्थोपचार, गिर्दो व्यापार, निराश र थामिएका औद्योगिक उपक्रम आदिको बारेमा मधेश प्रदेश सरकारलाई सार्वजनिक रुपमा प्रस्तुत हुन मांग गरेको छ ।
त्यस्तै तमलोपाले भर्खरै सर्वोच्च अदालतको निमित्त ६ जना न्यायाधीशको भएको सिफारिसमा समावेशिताको संवैधानिक हकको परिपालना नभएको र भागबण्डा आधारित भएकोमा असंतुष्टि जाहेर गरेको छ । तमलोपाले राजनीतिक, प्रशासनिक र कूटनैतिक नियुक्तिहरुमा समावेशिताको हकको उल्लंघनले असमानताको खाँडल बढाउँदै लग्ने भन्दै कडा विरोध गरेको छ ।

## व्यवसायी प्रतिष्ठानहरूद्वारा नगरप्रमुखलाई ज्ञापन



जनकपुरधाम । जनकपुरधाम उद्योग वाणिज्य सङ्घले जनकपुरधाम उपमहानगरपालिका नगरभित्रका व्यवसायी प्रतिष्ठानहरू रहेको सर्टरहरु वैज्ञानिक रूपमा भाडा निर्धारण गर्न माग गरेको छ । संघका कार्यवाहक अध्यक्ष मनिष रमण साहको नेतृत्वमा व्यापारीहरूले जनकपुरधामका नगरप्रमुख मनोज कुमार साहलाई आज ज्ञापन पत्र बुझाउने यस्तो माग गरेको हो ।
व्यापारीहरू चौतर्फी मारमा परेको बेला चर्को घरभाडा र घर धनीले एडभान्स लिने गरिएकाले वैज्ञानिक रूपमा भाडा निर्धारण गर्नुपर्ने माग गर्दै ज्ञापन पत्र बुझाएको संघका कार्यवाहक अध्यक्ष साहले जानकारी दिनु भएको छ ।
जनकपुरधामको सडक चौडाइ गर्ने कममा व्यावसायिक प्रतिष्ठान रहेका घरहरू टुटफुट हुँदा वर्षभरि नै व्यवसाय चौपट भएको', ज्ञापनपत्रमा भनिएको छ, 'त्यसपछि कोभिड महामारी, आर्थिक मन्दी र बढेको बैङ्क व्याज दरले असर परेको हुँदा यस क्षेत्रका सम्पूर्ण व्यवसाय र व्यवसायीलाई ठुलै मारमा पारेको ज्ञापनपत्रमा उल्लेख रहेको छ ।
व्यावसायिक प्रतिष्ठानका निम्ति एडभान्स बापत बुझाउनु पर्ने मोटो रकम र चर्को घर भाडाले व्यवसायीहरू ठूलो आर्थिक मारमा परेकाले नगरभित्रका व्यवसायी प्रतिष्ठानहरू रहेको बजार र सडकको वैज्ञानिक रूपमा भाडा निर्धारण गर्न माग गरेको छ । जनकपुरधामको कतिपय सर्टरहरू व्यापारीहरूले आर्थिक मन्दीका कारणले खाली पनि गरेको छ । चर्को भाडाका कारणले व्यापारीहरूले सर्टर खाली गरेका छन् ।

## गौर हत्याकाण्ड लगायतका हत्याराहरुलाई समातेर बुझाउने आजपाको निर्णय

काठमाडौं । आम जनता पार्टी (आजपा)ले बिभिन्न संघर्षका कार्यक्रम गर्ने निर्णय गरेको छ । आजपाको बसेको स्थायी कमिटीको बैठकको निर्णय सार्वजनिक गर्दै जनतासंग जोडिएका मुद्धाबारेमा संघर्ष गर्ने निष्कर्ष निकालेको हो ।
दुई दिनसम्म पार्टी केन्द्रीय कार्यालय काठमाडौंमा चलेको स्थायी कमिटी बैठकको निर्णय सार्वजनिक गर्दै आजपा प्रवक्ता चन्द्रभुषण साहले जनतालाई धोका दिने पार्टी र जनप्रतिनिधिहरुबाट मत फिर्ता अभियान संचालन हुने बताए ।
यसैगरी बिदेशी नागरिकता लिएकाहरुको सम्पति कब्जा गरि राज्यलाई बुझाउने, भ्रष्ट्राचार नियन्त्रण गर्न राज्य असफल रहेकोले निष्कर्ष निकाल्दै आजपाले त्यस्ता भ्रष्टाचारीलाई जनकारवाही गर्ने, गौर हत्याकाण्ड लगायतका हत्याराहरुलाई समातेर सरकारलाई बुझाउँने निर्णय आजपा स्थायी कमिटीको बैठकले गरेको छ ।
यस्तै जनसरोकारका मुद्धाहरुमा पार्टीका जनसंगठनहरुलाई संघर्षका कार्यक्रम अगाडी बढाउन बैठकले जिम्मेवारी तोकेको छ । आजपा प्रवक्ता साहका अनुसार भन्सारको बिषयमा आम सम्पर्क मन्च, वैदेशिक रोजगार पिडितको बिषयमा आईटी आर्मी, बैंकिङ लुट तथा कर्जाको बिषयमा आम किसान मोर्चा, आवासको बिषयमा आम दलित मोर्चा, मदर्सा शिक्षाको बिषयमा आम मुस्लिम मोर्चा र यातायातको भाडा सहुलियतको बिषयमा आम बिद्यार्थी मोर्चाले संघर्षका बिभिन्न कार्यक्रम गर्ने निर्णय बैठकले गरेको छ ।
देशमा बिद्यमान जटिल परिस्थिति एवं संकटको निकासको लागि वर्तमान व्यवस्थाको खारेजी तथा अन्तरिम सरकारको गठन गर्नुपर्ने निष्कर्ष बैठकको छ । बैठकलाई सम्बोधन गर्दै आजपा अध्यक्ष एवं पूर्वमन्त्री प्रभु साह अहिलेको सरकारलाई विघटन गरी अन्तरिम सरकार गठन गर्नुपर्ने बताएका थिए । अहिलेको व्यवस्था असफल भईसकेको बताउँदै उनले अन्तरिम सरकारको गठन गरी कार्यकारी राष्ट्रपतिको व्यवस्था लागु गर्नुपर्ने निष्कर्ष साहको रहेको छ ।
'देशलाई सही निकास दिनका लागि यो व्यवस्थाको खारेजी र अन्तरिम सरकार गठन नै हो । यो नहुँदा सम्म देशमा अस्थिरता र अन्योल कायमै रहन्छ' आजपा अध्यक्ष साहले भने, 'त्यसैले राजनीतिक अन्योलता र अस्थिरता हटाउँनका लागि हामीले जतिछिटो यो व्यवस्थाको खारेजी र अन्तरिम सरकार गठन गरी कार्यकारी राष्ट्रपतिको व्यवस्था नै त्यसको निकास हो ।'
दलियतन्त्र, तीन दलका तीन राजाको मनोमानीले राजनीतिक अस्थिरता, देश अहिले असफलताको बाटोमा गएको बताउँदै उनले आर्थिक समृद्धि र देशलाई सफलतातर्फ लैजानका लागि यो व्यवस्था खारेजीको बिकल्प नभएको ठोकुवा उनले गरे ।
बैठकले प्रदेश इन्चार्जको जिम्मेवारी हेरफेर गर्ने निर्णय गरेको पार्टीका महासचिव उपेन्द्र साहले जानकारी दिए । लिम्बुवान किरातमा रामप्रित राम, मधेश प्रदेशमा सुधीर यादव, ताम्सलिङ नेवामा अरुण घिसिङ, तमुवान गण्डकमा तिलक थापा, लुम्बिनीमा समिना हुसेन, कर्णालीमा तिलक थापा मगर र सुदूर पश्चिम प्रदेशमा ज्ञानेन्द्र कुमार तामाङलाई प्रदेशको इन्चार्ज तोकिएको छ ।
यसैगरी बैठकले प्रवासका देशहरूमा सम्पर्क र संगठन विस्तारका लागि समेत जिम्मेवारी तोकेको छ । अष्ट्रेलिया र न्युजील्याण्डका लागि तिलक थापा मगर, अमेरिका र क्यानाडाका लागि ज्ञानेन्द्र कुमार तामाङ, दक्षिण कोरियाका लागि चन्द्रभुषण साह, मलेसियाका लागि उमेश कुश्वाहालाई

बाँकी अन्तिम पृष्ठमा

## सम्पादकीय

# किसानका समस्या

तराई/मधेशमा किसानी (कृषि) र किसानको अवस्था दयनीय छ। तर, मैदानी भूगोलमा कृषि नै यहाँका जनता र सरकारका मुख्य सामर्थ्य रहेको छ। स्थानीय सामर्थ्यको सहि पहिचान र त्यसको अधिकतम् सदुपयोग नै उक्त ठाउँको समृद्धिको असली साचो हो। चर्को ब्याज दरमा ऋण लिई खेती/किसानी गर्दागर्दै बाली भित्र्याउने बेलासम्म उब्जिएको बालीको ७५% साहुलाई भुक्तान गर्नुपर्ने बाध्यता रहेको छ।

मलखाद्य सहुलियत दरमा सरल रुपले उपलब्ध गराउन सरकार असमर्थ छ। उक्त मलखाद्यका लागि यहाँका किसान सीमा पारीबाट एक दुई बोरा भित्र्याउँदा पनि भारतीय सीमा सशस्त्र बल र नेपाल प्रहरी एवं सशस्त्र प्रहरीको लाठी खानु पर्ने वा दुर्व्यवहार सहनु पर्ने बाध्यता छ। आखिर घरपरिवार र बालबच्चाको पेटको सवाल छ।

सिंचाइको व्यवस्था राम भरोसे रहेको छ। अर्थात समयमा वर्षात भयो भने बाली राम्रो फस्टाउने यदि बर्षात् समय अनुकुल भएन भने साहुको ऋण अर्को सालसम्म दोब्बर हुने निश्चिति छ। घर परिवारलाई दुईछाक टार्ने धौधौ पर्ने अवस्था सिर्जना हुन्छ। सिंचाइका लागि सरकारी नहरको परियोजना वा सुबिधा नगन्य मात्रामा छ। विद्युतीय सिंचाइ प्रणालीका लागि सरकार वा अन्य निकाय काम गर्न सकेको छैन। सिंचाइका अन्य वैकल्पिक माध्यमको बिकासमा सम्बन्धित निकायको नीति कार्यक्रम मौन छ।

बीऊबिजनको गुणस्तरीयताको ग्यारेन्टी छैन। गाउँतिर खेतीपातीमा प्राविधिकको रुपमा जेटिए वा अन्य जनशक्ति खटाएको कुरा किसानहरु कहिलेकाहीं सन्चार माध्यमबाट मात्र थाह पाउँछ तर प्रत्यक्ष भेट्नलाई देवता भेटे हुन्छ। कृषि बिकास बैंक छ तर त्यसलाई खाली पुरानो ग्राहकसँग प्रेम छ र त्यो पनि केही प्रतिशत नजराना नचाढाइ ऋण पाउँदैन। तर बिडम्बना यो छ कि त्यहीं खेतीयोग्य जग्गालाई किसानीको अस्तित्व समाप्त पार्ने गरि प्लटिङ गरि बेचबिखन गर्नेलाई वित्तीय संस्थाहरु ऋण उपलब्ध गराउन उद्दत हुन्छन्।

सरकार वा विभिन्न संस्थाहरुबाट प्राप्त हुने तालिम वा अन्य सब्सिडिका कुराहरु केहि फेक र रेडिमेड किसान-माफियाले त्यसको बजेट भ्वाम पारी असली लक्षित वर्गलाई सो लाभबाट बन्चित बनाउँछ। बीउ, बिजन, मलखाद्य एवं सिंचाइको अभावमा धेरै खेतीयोग्य जग्गा बाँझै हुनु पर्ने पनि कहाली लाग्दो अवस्था छ। खेतिपाती फस्टाउन जति लागत लाग्ने गर्दछ त्यो अनुसारको मुल्य एवं बाजारको उपलब्धता नहुनुले किसानहरु दिनप्रति दिन गरिब हुँदै गइरहेको अवस्था छ।

संघीयता पछि प्रदेश सरकारले माटो सुहाउँदो प्रादेशिक कृषि नीति बनाउँछ अनि किसानहरुको कायापलट हुन्छ भने बिश्वास गरिएको छ। तर सरकारका मुखिया एवं अन्य सरोकार वाला केन्द्रीय सरकारलाई दोष थुपार्दै आफ्नो जिम्मेवारीबाट पन्छिन खोजीरहेको देखिन्छ। प्रदेश सरकारसँग निश्चिति रुपमा चुनौती र अवसर दुइटै छ। किसानहरूको समस्या सम्बोधन गर्न सके "खुसी किसान समृद्ध मधेश" को नयाँ नारा स्थापित हुनेछ।

किसानीका लागि सिंचाइ, बीउ बिजन, मलखाद्य, उचित तालिम, प्राविधिक सहयोग, सहुलियत ऋण, उचित बजार ब्यवस्थापन, उत्कृष्ट किसानलाई प्रोत्साहन, आधुनिक एवं व्यावसायिक खेतीलाई प्राथमिकतामा राखी नीति बनाइ कार्वान्यन पक्ष दुरुस्त भयो भने तराई/मधेश आफैंमा अन्य भूगोलभन्दा समृद्ध एवं आत्मनिर्भर हुन सक्छ। यसरी कृषि क्षेत्रको विकासका आवरणमा लाखौं युवा रोजगार प्राप्त गर्छन् र यसले ग्राहस्थ उत्पादन र प्रतिव्यक्ति आयमा सकारात्मक असर पर्छ। किसानले उब्जाएका अन्न बालीका लागि बजार र मूल्यका लागि सरकारले ठोस पहल गर्नुपर्ने देखिन्छ।

# सत्तामोहले असान्दर्भिक बन्दै मधेश मुद्दा



रामसुकुल मण्डल

२०६३ सालमा भएको मधेश आन्दोलनका दौरान माघ ५ गतेका दिन रमेश महतोको हत्या भएको दिनलाई मधेशमा बलिदानी दिवसको रूपमा मनाइदै आएको छ। मधेश आन्दोलन राष्ट्रिय पहिचान, सामाजिक न्याय, स्वाभिमान र राज्यका विभिन्न तहमा उचित अवसर प्राप्तिका लागि मधेश जनताले स्वतस्फूर्त रूपमा गरेको आन्दोलन थियो।

रमेश महतोको बलिदानी पछाडि भएका आन्दोलनहरूले समेत मधेशलाई अधिकार दिलाउन सकेको छैन। बरू बलिदानी दिनेहरूको संख्या १०५ भन्दा माथी पुगेको छ। घाईते त गनी साध्य छैन, हजारौंको संख्यामा छन्। विगत दश वर्षमा मधेशका लागि बलिदानी दिनेमा महिला र बालबालिका र वृद्धहरू पनि थपिएका छन्। पहिलो र दोस्रो मधेश विद्रोहका दौरान करिब ५३ जनाको बलिदानी पश्चात बाध्य भई राज्यले गरेको सम्झौता रद्दीको टोकरीमा फालेको छ। संविधानमा मधेशीको अधिकार सुनिश्चित गराउन २०७२ सालमा भएको लामो मधेश विद्रोहमा फेरि ५२ जनाभन्दा बढी मधेशी महिला, युवा, बालबालिका र वृद्धहरूले समेत बलिदानी दिँदा राज्य टसमस भएको छैन। बरू पहिलो संविधानसभाले बनाएको समिति र आयोगको मधेशमा दुई प्रदेश बनाउने सिफारिसलाई लत्याउँदै मधेशलाई ६ भागमा विभाजित गरि ५ भागलाई पहाडि प्रदेशअन्तर्गत राखिएको छ।

२०६२/२०६३ को दोस्रो जनआन्दोलन विश्राम नलिदै २०६३ कै माघमा मधेशमा सुरू भएको पहिलो आन्दोलन १२ वर्ष पूरा गरेको छ। मधेश जनताले सदियौंदेखि आफूहरू राज्यको उत्पीडनमा परी आफ्नो अधिकार सुनिश्चित नहुन्जेल आन्दोलन नरोक्ने भन्दै आन्दोलन चर्काएका थिए। करिब तीस दिनभन्दा बढी समय मधेशमा आन्दोलन चल्यो। आन्दोलनमा ३५ जनाभन्दा बढि मधेशी युवाहरूले बलिदान दिएका थिए।

सुरूमा राज्यले त्यति चासो नदेखाएको मधेश आन्दोलनले व्यापक रूप लिन थालेपछि राज्यको ध्यान मधेशतर्फ गयो। तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले दुई/दुई पटक सम्बोधन गरेपछि मात्र आन्दोलन रोकिएको थियो। कुनै पनि राजनीतिक दलको आह्वान बिना भएको त्यो आन्दोलन मधेश आन्दोलनको पहिलो इतिहास हो। मधेश आन्दोलनले नै अन्तरिम संविधानमा संघीयता शब्दलाई स्थापित गराएको हो भने राज्यको हरेक तहमा समावेशी प्रवेश हुने अवसर पनि मधेश आन्दोलनकै उपलब्धि हो।

२०६३ माघ १ गते नेपालमा अन्तरिम संविधान जारी भएपछि, खासगरी मधेशका मुद्दाहरू संविधानमा व्यवस्था नगरिएको भन्दै मधेशी जनअधिकार फोरमका नाममा नेताहरूले काठमाडौंमा संविधान जलाए र सरकारले उनीहरूलाई गिरफ्तार गरी मुद्दा चलायो। लगत्तै त्यसको विरूद्धमा फोरमले मधेश बन्दको घोषणा गऱ्यो। त्यसले मधेशमा आन्दोलनलाई उत्प्रेरणा दिने काम गरेको थियो। आन्दोलनमा तत्कालीन भूमिका फोरमको भए पनि त्यसमा फोरमको नेतृत्व थिएन।

२०६३ साल पछि पनि दुई पटक मधेशमा आन्दोलन भए। तर त्यस पछि पनि मधेश स्थिर हुन सकेको छैन। २००८ सालबाट मधेशका नाममा राजनीति सुरू गरेका बेदानन्द झा हुन् या अहिलेका मधेश केन्द्रित राजनीतिक दलका नेताहरू, सबैले मधेशलाई सत्तामा जाने भऱ्याङको रूपमा मात्र उपयोग गरेका छन्।

पहिलो संविधानसभा निर्वाचनको पूर्व सन्ध्यामा भएको मधेश आन्दोलनभन्दा अघि कुनै राजनीतिक दलले मधेशमाथि विमर्श गर्नुपर्ने आवश्यकता देखेका थिएनन्। त्यसबेलासम्म मधेश राजनीतिको सानो सरोकार समूहलाई माथिल्लो ओहोदामा तान्नासाथ त्यहाँको चुनौती स्वत: समाप्त हुने मानिन्थ्यो। तर राष्ट्रिय दलहरूले राष्ट्रियता, समावेशी तथा संघीय गणतन्त्रको नेपाली मोडेललाई बदलिएको राजनीतिक समीकरण अनुसार सन्तुलित नबनाउँदा मधेश आन्दोलन भयो र त्यसले मधेशको राजनीतिक नक्सालाई नै फेरिदियो। केन्द्रीकृत राज्यसत्ताद्वारा गरिएको विभेदबाट सीमान्तकृत बनेका मधेशीको अधिकारको सुनिश्चित गर्ने दायित्व मधेशी दलमा छ। तर, मधेशी नेतृत्वको असैद्धान्तिक सत्ता साझेदारीले सबै मुद्दाहरूलाई विवादित, कमजोर तथा अवस्तुवादी बनाइदिएको छ।

मधेशीसँग विभेद होइन रंगभेद छ। छालाको रंग र बनावटको आधारमा मधेशीसँग व्यवहार गरिन्छ। नेपालको कुनै पनि कानून, ऐन वा संविधानको धारामा लेखिएको छैन कि मधेशीसँग विभेद गर्नुपर्छ तर रंग र अनुहारको आधारमा चरम विभेदको शिकार मधेशी समुदाय हुँदै आएका छन्।

भनिन्छ, 'नेपालको कानून दैवले जानून'। तर, त्यस्तो होइन, मधेशीको हकमा दैवले होइन, शासकवर्गको नियतमा भर पर्छ। शासकवर्गले जहिले पनि मधेशीलाई दोस्रो दर्जाको नागरिकको रूपमा व्यवहार गर्दै आएका छन्। मधेशी अनुहार देख्ने बित्तिकै भारतीय जस्तो व्यवहार गरिन्छ। मधेश आन्दोलन पश्चात् मधेश र मधेशीको पहिचान राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतमा स्थापित भइसकेको छ। तर विवश भएर मधेशीको अस्तित्वलाई स्वीकार गर्न परिरहेको छ शासकवर्गलाई।

रंगको आधारमा गरिने विभेदलाई नै रंगभेद भनिन्छ। त्यसमा यहाँका शासक वर्गहरू नश्लीय चिन्तनका छन्। नश्लीय चिन्तनका कारण आफ्ना नश्ल (गैरमधेशी) र मधेशीलाई हेर्ने दृष्टिकोण भिन्दाभिन्दै छन्। तर सुधार हुँदै गइरहेको अवस्था भने अवश्य पनि छ। तैपनि केही नश्लीय मानसिकताका शासक/प्रशासकहरूले त्यस परिवर्तनलाई आत्मसात गर्न सकिरहेका छैनन्। 'हिमाल, पहाड, तराई कोही छैन पराई' व्यवहारमा देखिँदैन। थुप्रै उदाहरणहरू छन् कि नेपालमा समुदायको आधारमा कानूनको प्रयोग भइरहेको छ।

केन्द्रीकृत राज्यसत्ताद्वारा गरिएको विभेदबाट सीमान्तकृत बनेका मधेशीको अधिकारको सुनिश्चित गर्ने दायित्व मधेशी दलमा छ। तर, मधेशी नेतृत्वको असैद्धान्तिक सत्ता साझेदारीले सबै मुद्दाहरूलाई विवादित, कमजोर तथा अवस्तुवादी बनाइदिएको छ।

# विवेक प्रयोग गर्दै धैर्य र संयमित भएर प्रभावकारी सुरक्षा व्यवस्थापन गर्नुपर्ने : प्रहरी महानिरीक्षक

काठमाडौं। प्रहरी महानिरीक्षक बसन्त बहादुर कुँवरले कार्यसम्पादनको सिलसिलामा आउन सक्ने सुरक्षा चुनौतिको सामना गर्न प्रहरी कर्मचारीहरूले आफ्नो विवेकको उचित प्रयोगका साथै धैर्य र संयमित भएर सुरक्षा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्ने बताउनुभएको छ।

नेपाल सरकार गृहमन्त्रीस्तरको मंसिर ५ गतेको निर्णयले प्रहरी उपरीक्षकबाट प्रहरी वरिष्ठ उपरीक्षक पदमा पदोन्नति भएका ५ जना प्रहरी अधिकृतहरूलाई दर्ज्यानी चिन्हद्वारा सुशोभन समारोहलाई सम्बोधन गर्दै प्रहरी महानिरीक्षक कुँवरले उक्त कुरा बताउनुभएको हो। नेपाल प्रहरी प्रधान कार्यालयमा बुधबार आयोजित समारोहमा प्रहरी महानिरीक्षक कुँवरबाट प्रहरी वरिष्ठ उपरीक्षकहरू बसन्त रजौरे, रबि कुमार पौडेल, नबिनराज राई, बीर बहादुर ओली र चन्द्रदेब राई दर्ज्यानी चिन्हद्वारा सुशोभित हुनुभएको छ।

प्रहरी महानिरीक्षक कुँवरले सुरक्षा चुनौतिको सामना गर्न तयार पारिएको सुरक्षा योजना तथा नीतिको प्रभावकारी रूपमा कार्यान्वयन गर्दै वर्तमान अवस्थामा भरपर्दो सुरक्षा व्यवस्था मिलाउन प्रचलित कानून बमोजिम बल प्रयोगको सिद्धान्तलाई अवलम्वन गर्दै उच्च मनोबलका साथ काम गर्न सुरक्षा व्यवस्थापनमा खटिने प्रहरी कर्मचारीहरूलाई निर्देशन दिनुभयो। आवश्यकता अनुसार अन्य सुरक्षा निकायसँग आपसी समन्वय र सहकार्य गर्नुपर्नेमा उहाँले जोड दिनुभयो।

सम्बोधनकै क्रममा प्रहरी महानिरीक्षक कुँवरले पदोन्नति भएका प्रहरी अधिकृतहरूलाई बधाई दिँदै पदोन्नतिसँगै प्राप्त जिम्मेवारीलाई उकृष्टताका साथ निर्वाह गर्न निर्देशन दिनुभयो। संगठनप्रति बफादार, इमानदार र निष्ठावान भएर काम गर्ने हरेक प्रहरी कर्मचारीहरूलाई संगठनले उचित तवरले मूल्याङ्कन गरेको चर्चा गर्दै संगठनको नीति अनुरूप सम्पूर्ण प्रहरी कर्मचारीहरूको समस्या र गुनासो सम्बोधन गर्दै व्यवस्थापन गर्न संगठन क्रियाशील रहेको बताउनुभयो। आफूमा रहेको पेशागत ज्ञान, सीप र कौशललाई पूर्णरूपमा प्रयोग गरी आ-आफनो जिम्मेवारी उत्कृष्ट र व्यवासायिक ढंगबाट सम्पादन गर्नुपर्ने उहाँले बताउनुभयो।

उक्त अवसरमा पदोन्नति भएका अधिकृतहरूको तर्फबाट मन्तव्य व्यक्त गर्दै प्रहरी वरिष्ठ उपरीक्षक बसन्त रजौरेले पदोन्नतिबाट प्राप्त भएको जिम्मेवारीलाई राष्ट्र, समाज र नागरिकको हितमा समर्पित भई अझ उत्कृष्ट ढंगबाट कर्तव्य निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

समारोहमा प्रहरी अतिरिक्त महानिरीक्षकहरू, प्रहरी नायव महानिरीक्षकहरू, वरिष्ठ प्रहरी अधिकृतहरू, प्रहरी अधिकृत एवं जवानहरूको समेत उपस्थिति रहेको थियो।

# मधेशको माग पूरा गराउने मौका नेताहरूले गुमाइसके



सर्वदेव ओझा
पूर्वमन्त्री

**० तपाईं लामो समयदेखि राजनीतिबाट टाढा बसिरहनु भएको छ, के राजनीतिबाट सन्याश लिनुभएको हो ?**

– म राजनीतिबाट सन्यास लिएको छैन । मुख्य कुरा अहिले जस्तो राजनीतिक परिस्थिति छ, हाम्रा नेतृत्ववर्गको जुन कामकारबाही छ त्यसबाट असन्तुष्ट भएर म टाढा बसेको हुँ । उनीहरू सिद्धान्त र मुद्दाप्रति इमान्दार नरहेकोले म राजनीतिमा सक्रिय छैन ।

**० अहिले केमा ब्यस्त हुनुहुन्छ ?**

– म अहिले अध्ययन गरिरहेको छु, देश दुनियाको गतिविधिलाई हेरिरहेको छु । देश कहाँ गइरहेको छ, यो संविधान कतिसम्म कार्यान्वयन हुन सक्छ त्यसबारे सुक्ष्म अध्ययन गरिरहेको छु ।

**० देशको राजनीति कतातिर गइरहेको छ त ?**

– म पहिलो संविधानसभामा एकदमै क्रियाशील भएर काम गरेको थिएँ । राज्य पुनर्संरचनादेखि सबै ठाउँमा सक्रिय नै थिएँ । त्यसपछि हामी नेतृत्वपंक्तिका नेताहरूको काम कारबाही र इमान्दारिताप्रति विश्वास लागेन । वर्तमान संविधान अहिले जारी भएको छ, त्यसलाई गहनरूपमा अध्ययन गरेँ । संविधानलाई अध्ययन गर्दा के निष्कर्षमा पुगें भने यसले देशलाई कुनै न कुनै दिन ठूलो द्वन्द्वमा फसाउनेछ । त्यसकारणले उनीहरूसँग बसेर मलामी जानुभन्दा छुट्टै बस्ने वेश ठाने ।

**० कसरी यो संविधानले देशलाई ठूलो द्वन्द्वमा फसाउँछ त ?**

– संविधानका बुँदाहरू एकआपसमा बाँझिएका छन्, नेताहरूको काम गर्ने तरिका र नेताहरूको झुठ बोल्ने बानी, जनतालाई गलत बचनबद्धता दिने काम भइरहेको छ, त्यसले मुलुकमा द्वन्द्वको नयाँ बिजारोपण भइरहेको छ ।

**० भनेपछि, मुलुक अहिले गृहयुद्धतर्फ लम्किँदैछ ?**

– गुहयुद्ध शब्द नभनौं । तर, सामान्यभन्दा सामान्य समस्याहरू समाधान तिर गइरहेको स्थिति छैन ।

**० अहिले मधेशको राजनीतिलाई कसरी नियालिरहनु भएको छ ?**

– वर्तमान अवस्थामा मधेशको राजनीति र मुद्दा विसर्जनवादीहरूले खाइसके । अहिले मधेशको मुद्दा बोकेर अगाडि बढ्न सक्ने क्षमता भएका कुनै नेता वा पार्टी छैनन् । किनभने उनीहरूले मधेशको मुद्दा सम्बोधन गराउन सक्दैनन् । बरू, आफ्नो स्वार्थपूर्ति गराउन सक्छन् । मधेश आन्दोलनपश्चात् पहिलो संविधानसभाको गठन भयो त्यो बेला यत्रो संख्या थियो कि त्यति बेला हाम्रा नेताहरू चुके भनेपछि अहिलेको अवस्थामा झन् के नै गर्न सक्छन् । उनीहरूलाई पैसा, पद, सुविधा, मन्त्री चाहियो, त्यति भएपनि मधेशी जनताले केही पाएका छैनन् । उनीहरूबाट मधेशी जनताले केही पाउनेबाला छैनन् ।

**० त्यतिबेला तपाईं पनि त मन्त्री हुनुहुन्थ्यो, किन गर्न सकिएन ?**

– त्यो बेला म राज्यपुनर्संरचना आयोगमा क्रियाशील थिएँ । मैले मधेशी नेताहरूलाई भनेको थिएँ कि तपाइँहरू आफ्नो स्वार्थ छोड्नुस्, एउटा अडानमा बसौं, हाम्रो कुरा पूरा भएन भने जनतामा जाऔं, त्यसपछि जनताले हामीलाई साथ दिन्छन् । आउने दिनमा हामी योभन्दा पनि ठूलो संख्यामा संसद्मा आउन सक्छौं । तर, त्यसपछि मधेशकेन्द्रित दलहरूबीच विभाजनको शृङ्खला सुरू भयो । त्यसपछि मधेशकेन्द्रित दलहरू राज्यको सियासतमा फस्ने एउटा खेलमा फसे । हामीले शासकलाई मात्र गाली गर्नुहुँदैन, हाम्रो कमजोरी आफैमा थियो, हाम्रा नेतृत्वमै थियो । शासकवर्गलाई गाली गर्नुभन्दा पनि हाम्रा नेतृत्व नै गद्दार भए । त्यसैले यो नेतृत्वबाट हामीले अगाडि बढाउने केही देखेनौं ।

**० अहिलेका मधेशकेन्िद्रत दलहरूको क्रियाकलाप सन्तोषजनक छ त ?**

– मधेशकेन्द्रित दलहरुले त मधेश प्रदेशमा पाँच वर्ष सरकारको नेतृत्व गरेको थियो । अहिले पनि मधेशी दलकै नेतृत्वमा सरकार रहेको छ । सबै मधेशी दल प्रदेश र संघीय सरकारमा सहभागी छन् । तर त्यो प्रान्तीय सरकारसँग केही अधिकार छैन । कर बढाएको विरोधमा आन्दोलन पनि भएको थियो । जब कर बढाउनेलगायतका सबै काम केन्द्रले तय गर्ने हो भने प्रदेश र केन्द्रबीच टकराव त हुन्छ नै । जब स्वायत्तता छैन, शक्ति छैन भने यो कस्तो संघीयता हो ? यो संघीयता टिक्दैन, यसले द्वन्द्व निम्त्याउँछ । स्थानीय सरकार केन्द्रको मातहतमा छ भने त्यसले प्रान्तलाई टेर्छ त ?

**० तपाइँले यसरी व्याख्या गरिरहँदा संघीयताको भविष्य कति देख्नुहुन्छ ?**

– नेपालमा संघीयताको भविष्य छैन । अब समाप्त भइसक्यो । किनकि जुन संघीयता हामीले उठान गरेका थियौं, त्यसमा हामीले समावेशिता, समानुपातिक, समन्यायको कुरा गरेका थियौं । त्यसमध्ये कुनै पनि मूल्यमान्यता आएन । हामीले नेताहरूलाई मन्त्री बनाउन र तलब भत्ता मात्र खान संघीयता खोजेको होइन नि । जनतालाई कसरी समृद्ध बनाउने, सुशासित बनाउने, परिचालन गर्ने खालको संघीयता हामीले खोजेका थियौं । अहिलेको बजेटमा सन्तोषजनक छैन । त्यसमा पनि २६ प्रतिशत नेपाल सरकारको स्रोत हो र ७४ प्रतिशत ऋण र अनुदानमा छ । भनेपछि के अपेक्षा गर्ने ? यसबाट देशको के कल्याण हुन्छ सहजै मूल्यांकन गर्न सकिन्छ ।

**० मधेश आन्दोलनबाट आएको संघीयता यसरी असफल हुँदा अब फेरि संघीयताका लागि आन्दोलन हुने अवस्था छ ?**

– हुँदैन अब, जनता अघाइसके । जनताले राम्ररी बुझिसकेका छन् कि अब कसलाई नेता बनाउने । जनताले नेता बनाउनका लागि होइन, स्वायत्तताका लागि संघीयता चाहेका थिए । मधेश आन्दोलनमा यत्रो सहादत भयो, तिनका मर्म र भावनाको कदर भएको छैन । यो तरिकाले जनता अब फेरि कसरी आन्दोलनका लागि सडकमा आउँछन् । अहिलेको संविधानमा संशोधन गराउँछु भन्ने कुरा जतिसुकै भने पनि कसैले पनि गराउन सक्दैनन् । नेताहरूका लागि मन्त्री खाने बाटो मात्र हुन् ।

**० मधेशको अबको बाटो के देख्नुहुन्छ ?**

– मधेशका लागि अहिले बडो चिन्ताजनक र दुःखदायी बाटो छ । किनभने मधेशको माग पूरा गराउने मौका नेताहरूले गुमाइसकेका छन् । अहिले नेतृत्वबाट मधेशको भविष्य देखा परेको छैन ।

**० भनेपछि, मधेशमा अब वैकल्पिक शक्तिको आवश्यक्ता महसुस भएको हो ?**

– अब मधेशमा कहीं न कहीं ठूलो 'रिएक्सन' हुन्छ । त्यो 'रिएक्सन'बाट अर्को रूप लिन्छ । प्रदेश २ कै कुरा गर्ने हो भने सिडियोले त्यहाँका मुख्यमन्त्रीको कुरा टेर्दैन । जिल्लाका हरेक निकाय केन्द्रको मातहतमा छन् भनेपछि संघीयता कहाँ छ ? बरू तत्कालिक रूपमा धेरै जनाले जागिर पाएका छन्, स्वार्थ सिद्धि गर्न सक्छन् ।

**० तपाइँजस्ता मधेशवादी नेता वा बुद्धिजीबीहरू जो हालका नेतृत्वबाट असन्तुष्ट छन्, तपाईँहरूको बाटो के हुने ?**

– मजस्ता नेता वा बुद्धिजीबीहरू मौन छैनन् । तर, काठमाडौं नै यो देशको हर्ताकर्ता भएका छन् । काठमाडौंमा जो बसेका हुन्छन्, डेरा जमाएका हुन्छन्, दिनभरि घुम्छन् मिडियामा उसैको कुराहरू बढी आउँछन् । जो बाहिर हुन्छन् उनीहरूको आवाज आउँदैन । अब काठमाडौं नै नेपाल हो भने हामी पनि त्यही हिसावले आनन्दले सुशुप्त अवस्थामा बसेका छौं । विचार र बीऊ मर्दैन, एक न एक दिन जुर्मुराउँछ । म पर्ख र हेरको अवस्थामा छु । यो अवस्थामा कहीं न कहीं परिवर्तन होला । अहिले नै हुँदैन तर भयंकर हुन्छ । त्यो दिनका लागि प्रतिक्षामा छौं ।

**० सरकारले पटक-पटक संविधान संशोधन गर्ने भनेर लिखित सहमति गरेको छ, के संशोधन होला त ?**

– संविधान संशोधनलाई मधेशी दलहरुले एउटा बार्गेनिङ्ग प्वाइन्ट मात्रै बनाउँदै आएको छ । यिनीहरु नै संविधान संशोधन होस् भनेर चाहेका छैनन् । यो मुद्दालाई जहिले पनि जीवित राखेर सत्ता यात्राका लागि एउटा बाटो राखेको छ । यो सहमति सरकारमा जाने बाटो मात्र थियो । यस्ता सहमतिहरू हेर्ने हो भने मसँग २०६३ देखि अहिलेसम्म दर्जनौं छन् । मैले सबै दस्तावेज राखेको छु । यो त कागजी भुलभुलैया हो, यसमा भरै नपरे हुन्छ ।

**० उपेन्द्र यादवले पटक-पटक संशोधनको कुरा उठाउँदै सरकारमा सहभागी हुँदै आएको छ नि ?**

– छोड्नुस् यस्ता कुराहरू । तपाईँसँग मैले लडाई लड्छु, विद्रोह गर्छु भने तपाइँकै घरमा गएर दालभात खाएर म झगडा गर्न सक्छु ? नुनको सोझो हो त्यो ? त्यत्रो हिम्मत छ ? अहिले प्रधानमन्त्रीले कुनै निर्णय गर्‍यो भने प्रधानमन्त्रीको विरोध गर्ने कसैको हैसियत छ ? विगतकै कुरा गर्दा जेपी गुप्ता सञ्चारमन्त्री हुँदा सरकारको प्रवक्ता हुनुस् भनेर प्रधानमन्त्रीले भन्दा उनले चारबुँदे सहमति कार्यान्वयन गर्नुस् अनि मात्रै प्रवक्ता बन्छु भन्दा गुप्ताजीको के हालत भयो सबैलाई थाहा छ । त्यसैले उपेन्द्र यादव सरकारमा गए पनि, नगए पनि केही हुनेबाला छैन । मधेशी नेताहरूले केही गराउन सक्छन् भन्ने कुरा कल्पना पनि गर्न सकिँदैन । यदि गराए भने सुनमा सुहागा हुन्छ । तर, त्यसको कुनै आधार नै छैन ।

# कानूनी सहायतासम्बन्धी सम्मेलन भारतमा सम्पन्न



काठमाडौं। कानुनी सहायता सम्बन्धमा विश्वका करिब ५० देशका प्रतिनिधि र १७ देशका प्रधानन्यायाधीश, कानुनमन्त्री, न्यायाधीश तथा कानुनी सहायता उपलब्ध गराउने संस्थाका प्रतिनिधिको अन्तर्राष्ट्रिय सम्मेलन भारतको दिल्लीमा यही मङ्सिर ११ र १२ गते (नोभेम्बर २७ र २८ गते सम्पन्न भएको छ ।

उक्त सम्मेलनमा नेपालका तर्फबाट प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ, कानुन न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङ, सर्वोच्च अदालतका न्यायाधीश हरिप्रसाद फुयालले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

उक्त सम्मेलनबाट कानुनी सहायतासम्बन्धमा दिल्ली घोषणापत्र जारी गरिएको थियो । सम्मेलनमा प्रधानन्यायाधीश श्रेष्ठ, सर्वोच्च अदालतका न्यायाधीश फुयाल, बारका महासचिव अञ्जिता खनाल, सर्वोच्च अदालतका मुख्य रजिष्ट्रार लालबहादुर कुँवर, सहरजिष्ट्रार विमल पौडेल पनि सहभागी हुनुभएको थियो ।

उक्त सम्मेलनमा प्रधानन्यायाधीश श्रेष्ठ र न्यायाधीश फुयालले भारतको सर्वोच्च अदालतका प्रधानन्यायाधीश डा डिवाइ चन्द्रचुडसँग उहाँको निवासमा मङ्गलबार शिष्टाचार भेटवार्ता गर्नुभएको थियो ।

शिष्टचार भेटमा नेपाल र भारतबीच कानुन तथा न्यायका क्षेत्रमा ज्ञान र सीप आदानप्रदान गर्ने विषयमा छलफल भएको सर्वोच्च अदालतका सहरजिष्ट्रार विमल पौडलले जानकारी दिनुभयो ।

प्रधानन्यायाधीश श्रेष्ठले भारतका प्रधानन्यायाधीशलाई नेपाल भ्रमणका लागि निमन्त्रणा गर्नुभएको थियो । भारतका प्रधानन्यायाधीशले उक्त निमन्त्रणालाई स्वीकार गर्नुभएको छ ।

यसैबीच, भारतका प्रधानन्यायाधीश चन्द्रचुँडको अनुरोधमा भारतको प्रधानन्यायाधीशसहित संवैधानिक इजलासमा नेपालका प्रधानन्यायाधीश श्रेष्ठ र न्यायाधीश फुयाललाई राखी मुद्दाको सुनुवाइ गरिएको थियो । उक्त मुद्दाको सुनुवाइका क्रममा भारतका वरिष्ठ अधिवक्ता केके भेनु गोपाल र महान्यायाधिवक्ता वेङ्कट रमणीले बहस गर्नुभएको थियो ।

यसअघि नेपालका पूर्वप्रधानन्यायाधीश रामकुमारप्रसाद साहलाई संवैधानिक बेञ्चमा सहभागी हुने अवसर मिलेको थियो । नेपालका न्यायाधीशहरुमध्ये सर्वोच्च अदालतका न्यायाधीश फुयाललाई पहिलोपटक संवैधानिक इजलासमा सहभागी हुने अवसर मिलेको हो ।

भेटका क्रममा भारतका प्रधानन्यायाधीश चन्द्रचुँडले नेपालका प्रधानन्यायाधीश श्रेष्ठ र सर्वोच्च अदालतका न्यायाधीश फुयाललाई भारतको सबै न्यायाधीशको पूर्ण बैठकमा परिचय गराउनुभएको थियो । संवैधानिक इजलासमा सहभागी भएलगत्तै न्यायाधीश फुयालले भारतको सर्वोच्च अदालतका कानुन व्यवसायीसँग अन्तर्क्रिया गर्नुभएको थियो । अन्तर्क्रियामा नेपाल भारतबीचमा कानुन र न्यायको क्षेत्रमा सहयोग आदानप्रदान गर्ने विषयमा छलफल भएको थियो । छलफलमा ठूलो सङ्ख्यामा कानुन व्यवसायीको सहभागिता रहेको थियो ।

त्यस्तै, न्यायाधीश फुयालले भारतका महान्यायाधिवक्तासँग शिष्टाचार भेट गरी नेपाल भारतका बीचमा न्याय र कानुनको क्षेत्रमा सहयोग आदानप्रदान गर्ने विषयमा थप छलफलसमेत गर्नुभएको थियो । प्रधानन्यायाधीश श्रेष्ठ आजै स्वदेश फिर्ता हुनुभएको छ ।

# सामा चकेवा लोकगीत प्रतियोगितामा ललिता प्रथम



सप्तरी । दिदीबहिनीको स्नेह र दाजुभाईको पराक्रमको प्रतीक सामा चकेवा लोकगीत प्रतियोगितामा ललिता यादव प्रथम हुनुभएको छ । सप्तरीको राजविराजमा आयोजित प्रतियोगिताको नतिजा सार्वजनिक गर्दै भएको पुरस्कार वितरण समारोहमा सप्तरीको तिलाठी कोईलाडी गाउँपालिका-६ की यादवलाई पुरस्कार वितरण गरिएको छ ।

रेडियो सिएफमा आज आयोजित एक कार्यक्रमका बीच नेपाल पत्रकार महासंघ सप्तरीका सल्लाहकार मनोहर पोखरेलले बिजेतालाई माला, गम्छा पहिऱ्याउँदै नगद पुरस्कार प्रदान गर्नुभयो । पुरस्कार वितरण गर्नुहुँदै पोखरेलले मानव सभ्यतासँगै दिदीबहिनीको स्नेह र दाजुभाइको पराक्रमको शिलशिला सुरु भएको बताउनु भयो । पद्म पुराण र स्कन्ध पुराणमा उल्लेखित कथाको चर्चा गर्नुहुँदै पोखरेलले मौखिक परम्पराले डोहोऱ्याउँदै आएको मिथिला क्षेत्रको महत्वपूर्ण पर्वहरुलाई महिलाहरुले जिवन्त राखेकोमा सह्राना गर्नुभयो ।

यसैगरी राजविराज नगरपालिका-६ की रमिला साह द्वितीय र तिलाठी कोईलाडी गाउँपालिका-७ की अशिया देबी यादव तृतीय हुनुभएको छ । उपविजेता रमिला साहलाई बरिष्ठ फिब्जिशियन डाक्टर आशिष झा र तृतीय आशा देवीलाई बाल रोग बिशेषज्ञ डाक्टर मुकुन्द देवले गम्छा, माला पहिऱ्याउँदै नगद पुरस्कार प्रदान गर्नुभयो । लोकगीत प्रतियोगिता रेडियो सिएफ ९४.८ मेगाहर्जबाट गत शनिबार भएको थियो ।

सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका-१० का फुलदेव मण्डलले लोकसंस्कृती संरक्षणका लागि छोरा निखिल नयन मण्डलको ११औ जन्म दिनको अवसर पारेर सामाचखेवा गीत प्रतियोगिताका लागि पुरस्कार राशी उपलब्ध गराउनु भएको थियो । नवीन निर्भय यादवद्वारा एक घण्टा चलेको प्रतियोगिताको निर्णय साहित्यकार विद्यानन्द बेदर्दीले गर्नुभएको थियो ।

प्रतियोगितामा पुरस्कृतसहित तिलाठी कोईलाडी गाउँपालिका-६ बाट निशा यादव, ७ बाट हरेराम राय, ८ बाट अनिल अजन्मीलगायतको सहभागिता रहेको थियो ।

भाइटिका, भरदुतिया, किजा पूजा झै सामाचखेवा पर्वले दिदीबहिनीको स्नेह र दाजुभाइको पराक्रम दर्शाउने गर्छ । पुराणमा उल्लेख भएअनुसार सामा र चखेवा (चारुवक्य) पतिपत्नी हुन् । उनीहरू नै यो गीति नाटक वा परम्पराका मुख्य पात्रहरू हुन् । चारुवक्य आश्रममा बस्ने गर्थे । श्यामा (सामा) भगवान कृष्णकी छोरी हुन् । यही कथामा चुगलाको पनि भूमिका देखिन्छ । चुगला एक कुरौटे पात्र हुन् । आश्रममा बस्ने चखेवालाई भेट्न गएकी सामाको कुनै ऋषिसँग प्रेम चक्कर रहेको कुरा चुगलाले श्रीकृष्णलाई सुनाउन पुग्छन् । श्रीकृष्णले पनि सत्य कुरा नै नबुझी सामालाई चरा बन्ने श्राप दिन्छन् । सो कुरा सामाका भाइ शम्बले थाहा पाउँछन् । आफ्नी दिदीलाई पूर्ववत् अवस्थामा फर्काउनको लागि आफ्ना बाबुसँग उनी अनुनय विनय गर्छन् । जतिगर्दा पनि दिदीलाई पूर्ववत् अवस्थामा फर्काउन नसकेपछि उनी अन्ततः तपस्या गर्न सुरु गर्छन् ।

अर्कोतर्फ आफ्नी पत्नी सामा चरा भएको वियोगमा चखेवाले पनि चराकै स्वरुप धारण गरेर सामासँगै बस्न थाल्छन् । पछि कात्तिक पूर्णिमाको दिन शम्बको तपस्याबाट सन्तुष्ट भएर सामा र चखेवालाई नै पूर्ववत् स्वरुपमा फर्काएको भन्ने पौराणिक कथा छ ।

त्यसैले यो पर्व भाइको वीरता, उदारता र प्रशंसाको वर्णन, दिदीबहिनीको अदभूत भ्रातृत्व प्रेमको चित्रणमा केन्द्रित छ । कुरौटे समाजको पनि यसमा चित्रण गरिएको छ । यो गीति संवादको माध्यमबाट अभिव्यक्त गर्ने गीति नाटक हो ।परम्पराअनुसार मिथिलाका ललना (छोरीचेली, दिदीबहिनी) ले सामा खेल सुरु गर्ने गर्छन् । कात्तिक शुक्ल पञ्चमीदेखिको एघारौं दिन कात्तिक पूर्णिमामा सामा-चकेवाको विसर्जन गरी समापन गर्ने धार्मिक मान्यता छ ।

## ‘४५ प्रतिशत पुरस्कारको व्यावस्था खारेजी हुनुपर्छ’

सिम्रौनगढ । आम जनता पार्टी (आजपा) का अध्यक्ष एंव पुर्व मन्त्री प्रभु साहले भन्सार नियमावलीमा रहेको कथित ४५ प्रतिशत पुरस्कारको ब्यवस्था खारेज हुनुपर्ने बताएका छन् । दशैं, दिपावली, छठ लगायत चाडपर्वको अवसरमा रौतहटको मौलापुर नगरपालिकाको सोनरनिया र बाराको सिम्रौनगढ नगरपालिकाको बसवरियामा आज आयोजित शुभकामना आदानप्रदान कार्यक्रममा सहभागी आजपा अध्यक्ष साहले भन्सार छलि नियन्त्रणको नाममा भईरहेको राजकीय लुटलाई रोकन भन्सार नियमावलीमा रहेको कथित ४५ प्रतिशत पुरस्कारको ब्यावस्था खारेजी हुनुपर्ने बताए ।

ऋहामीले यसबारेमा भन्सार बिभाग देखि प्रधानमन्त्री प्रचण्डसंग समेत कुरा गरेका छौं । यस्तो ब्यवस्थाले राजस्व संकलनमा समेत प्रभाव पारिरहेको छ । संसदलाई समेत जानकारी नदिई गरिएको यो लुट ब्यवस्था खारेज गर्नुको बिकल्प छैनझ आजपा अध्यक्ष साहले भने, ऋभन्सार छलि नियन्त्रणको नाममा भईरहेको राजकीय लुटलाई रोकन भन्सार नियमावलीमा रहेको कथित ४५ प्रतिशत पुरस्कारको ब्यावस्था खारेज नभए नागरिक स्तरबाटै खारेज गरिन्छ ।

भन्सार छलि नियन्त्रणको नाममा भईरहेको राजकीय लुटलाई रोकन भन्सार नियमावलीमा रहेको कथित ४५ प्रतिशत पुरस्कारको ब्यावस्था खारेजीको माग गर्दै आजपाले दशैं अघि भन्सार बिभाग घेराउ समेत गरेको थियो ।

सो ब्यवस्था खारेज नहुदा सरकारले बर्सेनि अर्बौं रकम गुमाई रहेको छ । संसदमा कुनै कानुन नै पारित नगरी गरिएको सो ब्यवस्थाको चौतर्फी बिरोध भइरहेको छ ।


# सूचना ! सूचना !! सूचना !!!

बिरुवा तथा बिरुवाजन्य उपजको निकासी पैठारी र ओसारपसार गर्दा शत्रुजीवको प्रवेश, स्थापना र फैलावट रोक्न, तिनीहरुको प्रभावकारी नियन्त्रणको लागि उपयुक्त तरिकाहरु अवलम्बन गरी राष्ट्रिय जैविक सुरक्षाका जोखिमहरुको न्यूनीकरण गर्दै स्वस्थ बिरुवा र बिरुवाजन्य उपजहरुको व्यापार प्रवर्धन गर्न नेपाल सरकारले बिरुवा क्वारेन्टाइन तथा संरक्षण ऐन, २०६४ तथा बिरुवा संरक्षण नियमावली, २०६६ जारी गरी कार्यान्वयनमा ल्याएको छ । बिरुवा जन्य वस्तुहरुको पैठारी गर्दा प्रवेश अनुमति पत्र लिई कानुनी प्रकृया पुर्‍याएर मात्र पैठारी गर्न र निकासी गर्दा बिरुवा स्वस्थता प्रमाणिकरण गराएर मात्र निकासी गर्न सम्बन्धित सबैमा अनुरोध छ । यो ऐन तथा नियमावली विपरित प्रकृया नपुर्‍याई कन्साइनमेन्ट पैठारी गरेमा सम्बन्धित देशमा फिर्ता पठाउने वा नष्ट गर्नुका साथै कसुर हेरी रु दश हजार देखि एक लाख पचास हजार सम्म दण्ड जरिवाना गर्न सकिने व्यवस्था समेत रहेको छ । जिम्मेवार नागरिक बनौं र देशको जैविक सुरक्षामा योगदान गरौं ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्लान्ट क्वारेन्टिन तथा विषादी व्यवस्थापन केन्द्र
हरिहरभवन, ललितपुर


# यो व्यवस्था असफल भएकाले राष्ट्रपतिय व्यवस्थाको विकल्प छैन : प्रभु साह



काठमाडौं । आम जनता पार्टी (आजपा)का अध्यक्ष एवं पूर्वमन्त्री प्रभु साहले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकारलाई विघटन गरी अन्तरिम सरकार गठन गर्नुपर्ने माग गरेका छन् ।

आजपाको केन्द्रीय कार्यालय कोटेश्वरमा सोमबार बसेको पार्टीको स्थायी कमिटी बैठकलाई सम्बोधन गर्दै अहिलेको सरकार विघटन गरेर अन्तरिम सरकार गठन गर्नुपर्ने उनले बताए । अहिलेको व्यवस्था असफल भईसकेको बताउँदै उनले अन्तरिम सरकारको गठन गरी कार्यकारी राष्ट्रपतिको व्यवस्था लागु गर्नुपर्ने उनले बताए ।

‘देशलाई सही निकास दिनका लागि यो व्यवस्थाको खारेजी र अन्तरिम सरकार गठन नै हो । यो नहुँदा सम्म देशमा अस्थिरता र अन्योल कायमै रहन्छ’ आजपा अध्यक्ष साहले भने, ‘त्यसैले राजनीतिक अन्योलता र अस्थिरता हटाउँनका लागि हामीले जतिछिटो यो व्यवस्थाको खारेजी र अन्तरिम सरकार गठन गरी कार्यकारी राष्ट्रपतिको व्यवस्था नै त्यसको निकास हो ।’

दलियतन्त्र, तीन दलका तीन राजाको मनोमानीले राजनीतिक अस्थिरता, देश अहिले असफलताको बाटोमा गएको बताउँदै उनले आर्थिक समृद्धि र देशलाई सफलतातर्फ लैजानका लागि यो व्यवस्था खारेजीको बिकल्प नभएको ठोकुवा उनले गरे ।

आजपा अध्यक्ष साहले निर्वाचनको समयमा जनताका बीचमा गएर एउटा प्रतिबद्धता गर्ने र निर्वाचनपछि दलहरुले आफ्नो प्रतिबद्धता विपरित र मतदाताको चाहना विपरित काम गरेपछि जनताले चाहेमा ति दलबाट मत फिर्ता माग्ने अभियान पार्टीले सञ्चालन गर्ने बताए ।

‘आफ्नो सरकार बनाउँने भनेर लिएको मत एमालेले पछि गएर कांग्रेसको सरकार बनाउँन प्रयोग गर्ने । मधेसी दलले आफ्नो सरकार बनाउँन भन्ने र मतदाताको चाहना विपरित गएर अर्कैको सरकार बनाउँन उसको मत बेच्ने बेइमानी र धोखेवाजी काम गर्छ’ साहले भने, ‘मतदाताको चाहना र इच्छा विपरित उसको अनुमति विना नै दलहरुले हैकमवादी गर्ने, धोखा दिने, मत बेच्ने काम गरेपछि के मतदाताको मत ति दलले फिर्ता गर्नुपर्दैन ? हामीले मत फिर्ता अभियान चलाउँछौं । यदी वास्तवमा जनता मालिक हो भने उसको मत फिर्ता हुनुपर्छ ।’

यसैगरी नेपाली नागरिकत्ता परित्याग गरी विदेशी नागरिक भएका, अन्य देशको नागरिकत्ता लिईसकेका व्यक्तिको सम्पति खोजी  गर्ने र राज्यलाई बुझाउँने कामको अभियान पार्टीले चलाउँने उनले बताए । आफ्ना छिमेकमा भएका त्यस्ता व्यक्तिको बारेमा र तिनको सम्पतीको बारेमा खोजी सुरु गर्न उनले आह्वान गर्दै त्यसबारेमा सरकार र आफ्नो पार्टीलाई सूचना दिन आग्रह गरे ।

यस्तै बेदेशिक रोजगारीमा भईरहेको ठगीको अन्त्यका लागि आजपाले संघर्षका थप कार्यक्रम ल्याउँने उनले बताए । शिक्षामा देखिएको निषेध, असमानता तथा सिण्डिकेटको अन्त्य, आम जनतालाई ऋण, कर्जा दिलाउँन तथा बैंकिंङ लुटका विरुद्धमा आजपाले संघषका बिभिन्न कार्यक्रम ल्याउँन लागेको साहले बताए ।

चिसो बढदै गईरहेकाले सितलहरीबाट हुने क्षति रोक्न पुर्वतयारीमा जुटनुपर्ने सरकारसंग आग्रह गर्दै आजपा अध्यक्ष साहले किसानलाई मलको व्यवस्था गर्नुपर्ने माग गरे । किसानको समस्या सम्बोधन गर्न सरकार असफल रहेको बताउँदै उनले किसानलाई विउँ, मल, पानी लगायतको व्यवस्था सरकारले गर्नुपर्ने बताए । सरकारले किसानको समस्या सम्बोधन नगरे आजपा पार्टी बाध्यभएर संघर्षमा उत्रिने चेतावनी उनले बताए । यसैगरी भुकम्प पीडितलाई राहत एवं पुनर्निमाणको व्यवस्था, लामो समयदेखी माईतीघरमा संघर्ष गर्दै आएको आरती साहको परिवारलाई न्याय दिनुपर्ने, गरिब दलितको आवासको व्यवस्था, विकास निर्माण, महंगी, भ्रष्टाचार नियन्त्रण लगायतका बिषयमा साहले सरकारको ध्यानाकर्षण गराएको आजपा महासचिव उपेन्द्र साहले बताए ।

यस्तै राष्ट्रको गौरव बनाउँने क्रिकेट, फुटवल लगायतका खेलाडीका लागि खेल्ने खेलमैदानको व्यवस्थाका साथै उनीहरुको सुरक्षाका लागि सरकारले उचित पहल नगरेको भन्दै सरकारको उनले आलोचना गरेका छन् ।

बैठकमा पछिल्लो राजनीतिक परिस्थिति र पार्टीको धारणा निर्माणका साथै देशको समग्र राजनीति, आर्थिक र सामाजिक क्षेत्रमा देखिएका अन्योलका विषयमा गहन छलफल र समीक्षा हुने आजपा महासचिव साहले बताए ।

राज्यको नेतृत्वमा भगौडा वर्गको हालीमुहाली रहेको आरोप आजपाले लगाउँदै आएको छ । देश आर्थिक रुपमा क्रमशः जर्जर बन्दै गईरहेको जनाउँदै आजपाले साम्प्रादायिकताले नेपाली सामाजिक सम्बन्धहरू विथोलिँदै गएको जनाएको छ । सोहीबीच देशको राजनीतिक, आर्थिक र सामाजिक अवस्था गम्भीर बन्दै गएको विषयमा पार्टीमा गम्भिर छलफल थालिएको छ ।

आजपाले यि सबै संकटको प्रमुख कारण भनेको नै विद्यमान शासन व्यवस्था र मुख्तयः दलतन्त्र रहेको जनाएको छ । ‘यसको विकल्प खोज्न जरूरी भैसकेको छ । यी र यस्ता संकटको समिक्षा तथा वर्तमान व्यवस्था र नेतृत्वको विकल्पबारे पार्टीको आधिकारिक धारणा तथा ठोस योजना निर्माणको आवश्यकता छ’ आजपा केन्द्रीय सदस्य एवं कार्यालय सचिव बालकृष्ण सापकोटाले भने ।

# काउलीका दुई वटा अगौटे बेमौसमी जात उन्मोचन योग्य

काठमाडौं । नेपाल कृषि अनुसन्धान परिषद (नार्क) ले काउलीका अगौटे बेमौसमी जातहरुको परीक्षण गरी उन्मोचनको सिफारिसको लागि तयारी गरेको छ । तराई १ र तराई २ गरी दुई प्रकारका अगौटे जातको बेमौसमी काउली अब छिटै नै किसानले पनि व्यावसायिकरुपमा उत्पादन गर्न पाउनेगरी सिफारिसको तयारी गरेको हो ।

नार्क अन्तर्गतको राष्ट्रिय बागवानी अनुसन्धान केन्द्र खुमलटार, ललितपुरका अनुसन्धानकर्ता नविनगोपाल प्रधानले यी अगौटे बेमौसमी जातका काउलीको बाली तयार हुन लाग्ने अवधि ( नर्सरीदेखि उत्पादन हुने बेलासम्म) ६० देखि ७० दिन हुने बताए ।

उनले तराई १ र तराई २ गरी दुई प्रकारका अगौटे जात सिफारिस भए लगत्तै तिनको बीउ बजारमा आउने गरी तयारी गरिएको बताए । केन्द्रको खुमलटार स्थित बागवानीमा, कास्कीको लुम्लेमा र धनकुटाको पाख्रिवासमा यी जातहरुको सफल परीक्षण गरिएको र नतिजा उत्साहप्रद रहेको पनि प्रधानले बताए ।

‘काउलीले बढी मूल्य पाउने समय तीज, सोह्रश्राद्ध, दसैं लगायतका चाडपर्वमा हुने भएकाले यी समयसम्ममा यो दुबै जातको काउली फल्ने र खान मिल्ने हुन्छ’ अनुसन्धानकर्ता प्रधानले भने, ‘सोह्रश्राद्धमा त धेरै मानिसहरु शाकाहारी रहने र काउलीको माग बढ्ने हुनाले यसबाट उपभोक्ता, किसान लगायत सबै लाभान्वित हुनेछन् । यो समयमा नेपालमा काउलीको उत्पादन नहुने, विदेशी काउली नेपाल आउने र महंगो पनि हुने भएकाले स्वदेशी अगौटे जातको बेमौसमी काउली सस्तोमा उपलब्ध हुनसक्छ ।’

काउलीका यी दुई प्रकारका जातहरु पहाड र मध्यपहाडी जिल्लाहरुमा असार, साउन र भदौ महिनामा लगाउँन सकिन्छ । यी जातहरु अरु समयमा समेत लगाउन मिल्ने तर यो महिनामा लगाएमा तरकारी अभाव हुने चाडपर्वहरुमा उत्पादन लिन सकिन्छ ।

सो सिजनमा विदेशबाट आएका भन्दा यी काउलीहरु सस्तो हुने छन् । यी जातका काउलीको साइज तुलनात्मक रुपले सानो हुने भएकाले सहरिया सानो परिवारका लागि सिंगै फूल किन्न सकिने र यिनलाई कम दुरीमा पनि लगाउन सकिने हुनाले प्रति इकाइ जग्गामा काउलीका धेरै फूल उत्पादन गर्न सकिने कुरा अनुसन्धानकर्ता प्रधानले बताए ।

राष्ट्रिय कृषि प्रविधि सूचना केन्द्रका प्रमुख डा.कालिकाप्रसाद उपाध्यायले नेपालमा बेमौसमी तरकारी आयातका कारण अर्थतन्त्रको ठूला हिस्सा खर्च भई विदेसिने गरेको वर्तमान अवस्थामा नेपालमै अनुसन्धान गरी विकास गरिएका यी जातहरुबाट व्यावसायिक काउली उत्पादन मार्फत् सरकारले लिएको आयात प्रतिस्थापन र निर्यात् प्रवर्द्धनको नीतिमा सघाउ पुग्ने बताए । भविष्यमा यी जातहरु व्यावसायिक रुपमा लगाउन सके बर्षायाममा काउली खेती गर्न नसकिने ठाउँहरुमा समेत यिनको आपूर्ति हुँदा तरकारीको आपूर्ति ग्रामीण बजारहरुमा पनि गर्न सकिने उनले बताए ।

# नार्कको प्रथम त्रैमासिक प्रगति समीक्षा गोष्ठी सम्पन्न

काठमाडौं । नेपाल कृषि अनुसन्धान परिषद (नार्क) को आर्थिक बर्ष २०८०/०८१ को केन्द्रीय स्तरको प्रथम त्रैमासिक प्रगति समिक्षा गोष्ठी सम्पन्न भएको छ ।

नार्कको केन्द्रीय कार्यालय खुमलटार, ललितपुरमा आज नार्क अन्तरगतका ६२ वटा कार्यालयहरुको समग्र प्रगति विवरण सो समीक्षा गोष्ठीमा पेश गरिएको थियो ।

कार्यक्रममा बोल्दै कृषि मन्त्रालयका सहसहचिव डा.रामकृष्ण श्रेष्ठले कृषि अनुसन्धानको विकल्प अनुसन्धान नै भएकाले बदलिदो परिस्थितिमा कृषि अनुसन्धानलाई विशेष महत्वका साथ सञ्चालन गर्नुपर्ने आवश्यकता रहेको बताए ।

उनले कृषि अनुसन्धानमा लगानी बढाउनुपर्ने र कृषि अनुसन्धानको नीतिमा स्पष्टता अपनाए मात्र अपेक्षित प्रतिफल प्राप्त हुने बताए । बर्तमान आर्थिक संकटको अवस्थामा पनि नार्कले अनुसन्धानमा प्राप्त गरेको सफलता सराहनीय र सफल प्रविधिलाई सरोकारवाला सबै मिलेर किसानसम्म पुर्याउनु आवश्यक रहेको सहसचिव श्रेष्ठले बताए ।

नार्कका कार्यकारी निर्देशक डा. ध्रुवराज भट्टराईले नार्क अन्तर्गतका कार्यालय प्रमुखहरुलाई निर्देशन दिदै अनुसन्धानका लागि प्राप्त हुने बजेटको उच्चतम उपयोग गरि समयमै प्रतिफल प्राप्त गर्ने गरी काम गर्नुपर्ने बताए । उनले कृषि अनुसन्धानबाट प्रभाव हुने सेवालाई प्रभावकारी बनाउन जोड दिन र भावी योजना बनाउँदा सन्तुलित बजेट बिनियोजनमा विशेष ध्यान दिन निर्देशन दिए ।

कार्यक्रममा नार्कका बैज्ञानिक डा. विवेक सापकोटाले त्रैमासिक प्रतिवेदन पेश गरेका थिए । प्रतिवेदनमा पहिलो त्रैमासिकमा सम्पन्न भएका चालु र पूँजिगत कार्यक्रमहरु, वित्तीय प्रगति, बेरुजुको अवस्था लगायतका बिषयहरु समेटिएका थिए । नार्कका अनुगमन तथा मुल्यांकन महाशाखा प्रमुख डा. सुधा सापकोटाले कार्यक्रमको सञ्चालन गरेकी थिइन् ।

राष्ट्रिय कृषि प्रविधि सूचना केन्द्रका प्रमुख डा. कालिकाप्रसाद उपाध्यायले पहिलो त्रैमासिकमा भएको कार्यक्रम र खर्चलाई हेर्दा देशैभरीका कार्यालयहरुको प्रगति सन्तोषजनक रहेको बताए । प्रदेश स्तरका समीक्षा गोष्ठीहरु यसअघि नै सम्पन्न भैसकेका छन् ।

कार्यक्रममा नार्कका पशु तथा मत्स्य अनुसन्धान निर्देशक डा. दोजराज खनाल, प्रशासन निर्देशक नविनप्रकाश पौडेल, आर्थिक प्रशासन निर्देशक मनसकुमार कंडेल, राष्ट्रिय कृषि अनुसन्धान प्रतिष्ठानका निर्देशक विनेशमान साखः, राष्ट्रिय पशु अनुसन्धान प्रतिष्ठानका निर्देशक डा.स्वयमप्रकाश श्रेष्ठ, बिभिन्न महाशाखा प्रमुखहरु, बिभिन्न अनुसन्धान केन्द्रका प्रमुखहरु, बैज्ञानिकहरु लगायतको सहभागिता रहेको थियो ।

## जलवायु परिवर्तनको असर कम गर्न नेपालले गरेका प्रयास बारे विश्वलाई जानकारी गराइने

युएई । प्रधानमन्त्री पुष्पकमल दाहाल ञप्रचण्डभ ले जलवायु परिवर्तनको असर कम गर्न नेपालले गरेका प्रयास बारे विश्व समुदायलाई जानकारी गराउने बताउनुभएको छ ।

कोप-२८ मा भाग लिन नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै दुबई पुग्नुभएका प्रधानमन्त्री प्रचण्डले जलवायु परिवर्तनका कारण नेपाल जस्ता देशहरुले भोग्नु परेको असरका बारेमा पनि विश्व समुदायलाई ध्यानाकर्षण गराउने जानकारी दिनुभयो । प्रधानमन्त्री प्रचण्डले सम्मेलनमा माग्नेका रुपमा नभएर अधिकारका रुपमा आफ्ना एजेण्डा राख्न् तयारीका साथ आफू सम्मेलनमा आएको बताउनुभयो ।

संयुक्त अरब इमिरेट्सका लागि नेपाली राजदूत तेजबहादुर क्षेत्रीले आयोजना गर्नुभएको स्वागत कार्यक्रममा सम्बोधन गर्नुहुँदै प्रधानमन्त्री प्रचण्डले कोप २८ मा जलवायु परिवर्तनबाट नेपाललाई असर परेको असरको क्षतिपुर्तिको रुपमा वित्तीय र प्राविधिक सहयोगको अधिकारलाई बलियो ढंगबाट उठाउने बताउनुभयो ।

दुबईस्थित नेपाली समुदायको उपस्थिति रहेको कार्यक्रममा प्रधानमन्त्री प्रचण्डले अब हुने निर्वाचनमा विश्वमा छरिएर रहेका नेपालीले भोट हाल्न पाउने व्यवस्था भैरहेको जानकारी दिनुभयो । विदेशमा बसेका नेपालीले निर्वाचनमा भाग लिन नपाउँदा लोकतन्त्र बलियो नहुने भन्नुहुँदै प्रधानमन्त्री प्रचण्डले बिदेशमा रहेका नेपालीको मताधिकारका लागि सरकार गम्भीर भएको बताउनुभयो । त्यसबखत युएईका लागि नेपाली राजदूत क्षेत्रीले युएइ र नेपालबीच व्यापार, पर्यटन र प्रविधिमा सहकार्य गर्न सकेमा नेपालको आर्थिक विकासमा ठूलो योगदान पुग्ने विश्वास व्यक्त गर्नुभयो ।


## ‘सुरक्षित भविष्यको लागि निवृत्तभरण र सञ्चय कोष’

कर्मचारी सञ्चय कोषबाट सञ्चयकर्तालाई आ.व. २०८०/८१ मा उपलब्ध सेवाहरु:

(क) सञ्चय कोष र निवृत्तभरण कोष रकममा ब्याज प्रदान : २०८० श्रावण १ गतेदेखि ७.५० प्रतिशत ।

(ख) मुनाफा प्रदान : सञ्चय कोषका सञ्चयकर्ता तथा निवृत्तभरण कोषका योगदानकर्तालाई आर्थिक वर्ष २०७८/७९ को शुरु मौज्दात रकममा १.२० प्रतिशत ।

(ग) सापटी सुविधाहरु :

- विशेष सापटीमा : ब्याजदर ८.६० प्रतिशत,
- सञ्चयकर्ता घर सापटी, शैक्षिक सापटी र घर मर्मत सापटीमा : ब्याजदर ९.२५,
- सञ्चयकर्ता जग्गा खरिद सापटी र सरल चक्रकर्ता : ब्याजदर ९.७५ प्रतिशत,

(घ) धितोमा आधारित कर्जाको ब्याज त्रैमासिक रुपमा भुक्तानी गरी नियमित गर्ने सञ्चयकर्ताको हकमा सम्बन्धित त्रैमासमा पोकेको ब्याजमा ०.२५ प्रतिशतले रिवेट (छुट) दिने ।

(ङ) सामाजिक सुरक्षा सुविधाहरु :

- दुर्घटना क्षतिपूर्ति : सेवाकालमा सञ्चयकर्ताको दुर्घटनामा परी मृत्यु भएमा वा पुर्ण अंगभंग भएमा रु.२ लाख ।
- काजकिरिया अनुदान योजना : सेवाकालमा सञ्चयकर्ताको मृत्यु भएमा रु.४० हजार ।
- सञ्चयकर्ता स्वास्थयोपचार योजना : सञ्चारकर्ता अस्पताल भर्ना भई उपचार गरेको साधारण रोगमा रु.१ लाखसम्म र घातक रोगमा रु.१० लाखसम्मको औषधोपचार खर्चको शोधभर्ना कोषबाट हुनेछ ।
- सुत्केरी तथा शिशु स्याहार सुविधा : प्रति प्रसुति रु.७ हजार ५ सयका दरले बढीमा दुई पटक गरी रु.१५ हजार ।

**कर्मचारी सञ्चय कोष**

पुल्चोक, ललितपुर ।

Website: www.epfnepal.com.np

Call center: 015970041


# ‘प्रतिगामीहरू अन्तिम छटपटीमा छन्, उनीहरूको सपना कहिल्यै पूरा हुँदैन’



काठमाडौं । प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले संघीय लोकतान्त्रिक गणतन्त्र उल्टाउन चाहने प्रतिगामीहरूको सपना कहिल्यै पूरा हुँदैन। नेपाल सरकारको मन्त्रिपरिषदले सरकारी लिखतहरूमा नेपाल संव्त समेत उल्लेख गर्ने निर्णयको स्वागतमा प्रधानमन्त्रीलाई सम्मान गर्ने कार्यक्रममा आफ्नो मन्तव्य राख्दै प्रधानमन्त्रीले सो कुरा बताउनुभएको हो।

प्रधानमन्त्रीले भन्नुभयो, “आजको परिवर्तन साना दुखले आएको होइन। यो व्यवस्थाका निम्ति हजारौंले रगत बगाएका छन्, हजारौंले जेलनेल भोगेका छन्। लाखौं जनताले संघर्ष गरेका छन्। यो व्यवस्था कसैले उल्टाउन खोज्छ भने त्यो सपना मात्रै हो, तिनीहरूको सपना कहिल्यै पूरा हुँदैन।”

“संसारकै नियम हो- पराजित भइसकेका सामन्ती तत्वहरूले अन्तिमपटक टाउको उठाउन खोज्छन्। अहिले पनि त्यही कोसिस हुँदैछ” प्रधानमन्त्रीले भन्नुभयो, “संघीय लोकतान्त्रिक गणतन्त्र उल्टाउने सपना कसैले नदेख्दा हुन्छ। यस्तो दुस्प्रयास गर्नेहरूले फेरि अर्को मूल्य चुकाउनुपर्नेछ।”

प्रधानमन्त्रीले नेपाल संवत् नेपालको मौलिक संवत् भएको बताउनुभयो। उहाँले भन्नुभयो, “हामीले विक्रम संवत् प्रयोग गरिरहेका छौं। कतिपय सन्दर्भमा अंग्रेजी संवत् पनि लेखिन्छ। तर, नेपाल संवत् नेपालको आफ्नै मौलिक संवत् हो। यसलाई राष्ट्रिय संवत्को रूपमा विकसित तुल्याउनुपर्दछ।”

“एकथरि मान्छेहरू लोकतन्त्र र संस्कारको कुरा गर्दैछन्। उनीहरूको संस्कार के हो, लोकतन्त्र कस्तो थियो भन्ने कुरा हामीले राम्रोसँग देखिसकेका छौं। लुटको स्वर्ग गुमेको छटपटी उनीहरूको होला। तर, व्यवस्थाका विरूद्ध षड्यन्त्र गरिरहे हामी थप कठोर हुन बाध्य हुनेछौं” प्रधानमन्त्रीले कार्यक्रममा भन्नुभयो। कार्यक्रममा राजनीतिक दल र नागरिक समाजका अगुवाहरूले संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षाका निम्ति जस्तोसुकै मूल्य चुकाउन तयार रहेको बताउनुभयो।

सभामा नेपाली कांग्रेसका नेता भीमसेनदास प्रधानले भन्नुभयो, “नेपालले उत्कृष्ट संविधान पाएको छ। तपाईहरू सबैलाई थाहा छ- नेपाली जनताका छोराछोरी राष्ट्रपति हुने व्यवस्था हामीले नै ल्याएको छ। यही व्यवस्थाले विद्यादेवी भण्डारी, डा. रामवरण यादवहरूलाई राष्ट्रपति बनायो। राज्यका हरेक क्षेत्रमा महिलाहरूको राम्रो नेतृत्व छ। सामाजिक न्यायको अभ्यास भएको छ। यस्तो व्यवस्था संसारका कुन मुलुकमा छ ? हाम्रो संविधान संसारकै प्रगतिशीलमध्ये एक छ। त्यसैले यसको रक्षाका निम्ति हामीले जस्तासुकै मूल्य चुकाउन तयार छौं।”

कार्यक्रममा एकीकृत समाजवादीका नेता जीवनराम श्रेष्ठले संघीय लोकतान्त्रिक गणतन्त्रभन्दा राम्रो व्यवस्था अरू हुन नसक्नेमा जोड दिँदै त्यसको रक्षार्थ दृढतापूर्वक अगाडि बढ्ने बताउनुभयो।

अर्का वक्ता जनता समाजवादी पार्टीका नेता राजेन्द्र श्रेष्ठले बहुदलीय लोकतान्त्रिक व्यवस्थाले मात्रै सबै भाषा, जाति, संस्कृतिको रक्षा गर्नसक्ने बताउनुभयो। उहाँले भन्नुभयो, “बहुदलीय लोकतान्त्रिक गणतन्त्रले नै सबैको विचार र भावनाको प्रतिनिधित्व गर्न सक्छ। हाम्रो प्रधानमन्त्रीले सबै दल र भावनाको नेतृत्व गरिरहनुभएको छ। यस्तो प्रतिकूल समयमा पनि नेपाल संवत्लाई सरकारी कामकाजमा प्रयोग गर्ने निर्णय लिनु सामान्य कुरा होइन।”

नेपाली कांग्रेसका नेता एवं पूर्वउपप्रधानमन्त्री प्रकाशमान श्रेष्ठले गणतन्त्रको विरोध गर्नेहरूलाई हिजोका दिन सम्झिन आग्रह गर्नुभयो। उहाँले भन्नुभयो, “गणतन्त्रको विरोध गर्नेहरूलाई म प्रश्न गर्न चाहन्छु- के हिजोको राजतन्त्र ठीक थियो त ? हिजोको राजतन्त्रले गरेको निर्मम दमन र अत्याचार भुल्न सकिँदैन। यो व्यवस्थाको विरोध गर्नेहरूका विरूद्ध दृढतापूर्वक उभिन्छौं।”

नागरिक अगुवा मल्ल के. सुन्दरले राजाको शासनकालमा नेपाल संवत् मनाउँदासमेत नेवार समुदायमाथि निर्मम दमन गरिएको स्मरण गर्नुभयो। उहाँले भन्नुभयो, “विविधतायुक्त नेपालमा एकदलीय, एक वंशको शासन कसरी सही हुन सक्छ, यसलाई मान्न सकिँदैन। राजतन्त्र र पञ्चायतले कहिल्यै पनि जनताको पक्षमा काम गरेन। फेरि त्यही व्यवस्थाको वकालत गर्नेहरूलाई हामीले फेरि जवाफ दिनुपर्छ र दिन्छौं।”




# भारतद्वारा कपिलवस्तुमा उच्च प्रभाव सामुदायिक विकास परियोजनाको निर्माण




काठमाडौं । 'नेपाल-भारत विकास सहकार्य' अन्तर्गत भारत सरकारको नेरु ३.३२३ करोड आर्थिक सहयोगमा कपिलवस्तु जिल्लाको बुद्धभूमि नगरपालिकास्थित श्री गौतम बुद्ध माध्यमिक विद्यालयको नवनिर्मित विद्यालय तथा प्रयोगशाला भवनको भारतीय राजदूतावास, काठमाडौंका नियोग उप-प्रमुख प्रसन्न श्रीवास्तव, जिल्ला समन्वय समिति, कपिलवस्तुका प्रमुख बाबुराम आचार्य र बुद्धभूमि नगरपालिकाका मेयर केशव कुमार श्रेष्ठले औपचारिक उद्घाटन गर्नुभयो ।

उक्त कार्यक्रममा राजनीतिक प्रतिनिधि, सरकारी अधिकारी, समाजसेवी, विद्यालय व्यवस्थापनका प्रतिनिधि, शिक्षक/शिक्षिका, अभिभावक तथा विद्यार्थीहरुको पनि उपस्थिति रहेको थियो ।

'नेपाल-भारत विकास सहकार्य' अन्तर्गतको भारत सरकारको अनुदान सहयोग दुई तल्ले विद्यालय भवन, तीन तल्ले प्रयोगशाला भवनको निर्माणमा र फर्निचर एवम् प्रयोगशाला उपकरण खरिदमा उपयोग गरिएको थियो । भारत सरकार र नेपाल सरकारबीच भएको सम्झौता अन्तर्गत पहिले साना विकास परियोजना नामले परिचित यस परियोजनालाई उच्च प्रभाव सामुदायिक विकास परियोजनाको रुपमा अघि बढाइएको हो । जिल्ला समन्वय समिति, कपिलवस्तुमार्फत यो परियोजनाको कार्यान्वयन गरिएको हो ।

भारतीय राजदूतावास, काठमाडौंका नियोग उप-प्रमुख प्रसन्न श्रीवास्तवले यी परियोजना भारत र नेपालबीचको बलियो विकास साझेदारीको एक महत्वपूर्ण हिस्सा भएको बताउनुभयो । साथै वहाँले यी परियोजनाले हालैका वर्षमा उल्लेख्य प्रगति हासिल गरेको र नेपाल सरकार र नेपाली जनताका प्राथमिकतामा रहेका विभिन्न क्षेत्रहरुलाई समेत समेटेको बताउनुभयो । वहाँले दुवै देशका जनताको हितका लागि नेपाल सरकारको प्राथमिकता अनुरुप विकास साझेदारीलाई सुदृढ गर्न भारत सरकार निरन्तर लागिपर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

श्री गौतम बुद्ध माध्यमिक विद्यालय सन् १९७८ मा सामुदायिक शैक्षिक संस्थाको रुपमा स्थापना भएको हो । राष्ट्रिय परीक्षा बोर्डबाट सम्बन्धन प्राप्त यस विद्यालयले शिक्षा मन्त्रालयबाट स्वीकृति प्राप्त गरेको छ । यस विद्यालयमा प्ले ग्रुपदेखि प्लस टु लेभलसम्मको पढाई हुन्छ । हाल यस विद्यालयको विद्यार्थी क्षमता १२०० भन्दा बढी रहेको छ र विद्यालयमा करिब ५२% छात्रा रहेका छन् ।

सन् २००३ यता नेपालका विभिन्न क्षेत्रमा ५५० वटा भन्दा बढी उच्च प्रभाव सामुदायिक विकास परियोजना अघि बढाइएका छन् र ४८८ वटा परियोजना सम्पन्न भइसकेका छन् । यी मध्ये ६० वटा परियोजना लुम्बिनी प्रदेशमा रहेका छन् जसमा ५ वटा परियोजना कपिलवस्तुमा छन् । यसका साथै भारत सरकारले स्वतन्त्रता दिवस र गणतन्त्र दिवसको अवसरमा नेपालका विभिन्न अस्पताल, स्वास्थ्य चौकी र शैक्षिक संस्थालाई ९७४ वटा एम्बुलेन्स र २३४ वटा स्कुल बस उपहारस्वरुप प्रदान गरिसकेको छ जसमध्ये लुम्बिनी प्रदेशलाई १६० वटा एम्बुलेन्स र ३५ वटा स्कुल बस उपहारस्वरुप प्रदान गरिएको छ । यसमा १८ वटा एम्बुलेन्स र ४ वटा स्कुल बस कपिलवस्तु जिल्लालाई उपलब्ध गराइएको छ ।

नजिकको छिमेकी भएको नाताले भारत र नेपालबीच व्यापक र बहुक्षेत्रीय सहकार्य रहेको छ । यस परियोजनाको कार्यान्वयनले नेपाली जनताको समुन्नतिका लागि र प्राथमिकताका क्षेत्र विशेष गरी नेपालको शैक्षिक क्षेत्रमा पूर्वाधारको विस्तारका लागि नेपाल सरकारले चालेका प्रयासमा भारत सरकार सदैव हातेमालो गर्न तयार रहेको कुरालाई प्रतिबिम्बित गरेको छ ।

# सैनिक सामग्री प्रदर्शन



बाँके ।बाँकेमा विद्यार्थीहरूलाई सेनाका गतिविधि, अनुशासन तथा सैन्य सामग्री लगायत जानकारी दिन सैनिक सामग्री प्रदर्शन गरिएको छ । नेपाली सेनासँग आबद्ध भएका बाँके र बर्दियाका १७ वटा विद्यालयका विद्यार्थीहरूका लागि सैनिक सामग्री प्रदर्शन गरिएको हो । मंगलबार बाँकेको राँझास्थित बज्रदल गणको आयोजनामा नेपाली सेनाले १० वटा स्टल राखेर प्रदर्शन गरिएको गणका गणपति एवं प्रमुख सेनानी रविन श्रेष्ठले बताउनुभयो । उहाँका अनुसार विद्यार्थीलाई सेनाका क्रियाकलापबारे अवगत गराउने उद्देश्यले सैनिक सामग्री प्रदर्शन गरिएको हो ।

प्रमुख सेनानी श्रेष्ठले 'युवा पुस्तामा देशप्रतिको भावना जगाउन पनि यस्ता कार्यक्रम गर्दै आइरहेको र यस्ता कार्यक्रमले विद्यार्थीहरूमा भएको सेना प्रतिको उत्सुकता, दृष्टिकोण र सेनाको अनुशासनका बारेमा बुझाउन सहयोग गर्ने गरेको बताउनु भयो।

प्रदर्शनीमा सेनाका पौराणिक पोशाक, एनसीसी क्याडर, विपद्सम्बन्धी सामग्री, उद्धारमा प्रयोग गरिने सामग्री, माइनहरू, लडाइँमा प्रयोग गर्ने गाडीलगायत सामग्री राखिएको आबद्ध स्कुल समन्वय अधिकृत एवं बज्र दलका सेनानी शिव थापाले बताउनुभयो।

# नरैनापुर गाउपालिकाका अध्यक्षको दाजुको निधन



बाँके । बाँकेको नरैनापुर गाँउपालिकाका अध्यक्ष इस्तियाक अहमद शाहलाई शोक परेको छ । अध्यक्ष शाहका दाजु शैयद मुस्ताक अहमद शाहको ७८ वर्षको उमेरमा बिहिबार ११ बजे राती भारतको मेक्स अस्पतालमा मृत्यु भएको हो । दाजुको निधनपछि अध्यक्ष शाहले बुबा सरहको दाजु गुमाए पछि आफू पूर्ण रूपमा टुहुरो भए पनि कर्तव्यबाट टुहुरो बन्न नमिल्ने बताउनुभएको छ । उहाँले आफ्नो बाँकी जीवन जनतको सेवामा लगाउने बताउनुभएको छ ।

उहाँले फेसबुकमा लेख्नुभएको छ, 'दाजु उपचार पछि फर्किने भनेर बाचा गरेर अप्रेशन थ्रेटर भित्र जानु भएको तर कहिले नफर्कने गरी हामीलाई टुहुरो बनाएर यो संसारबाट बिदा हुनुभयो । आमा बुबाले टुहुरो बनाएर गए पछि दाजु कै लालनपालनमा हुर्केको बताउदै अध्यक्ष शाहले उप्रान्त दाजु त रहनु भएन रह्यो त केवल खिची छोडेको तस्बिर आँखामा । पितृत्व र मातृत्व छाती पहिला नै टुटुरो बनेको थियो ।  दाजुको मृत्यु पश्चात आज बाट हामी पूर्ण रूपमा टुहुरो भयौं तर कर्तव्य बाट टुहुरो बन्न नमिल्ने बताउदै बाँकी जीवन जनतको सेवामा लगाउने छु । निःशब्द छु तर भन्न बाध्य छु दाजु हार्दिक श्रद्धाञ्जली !' शैयद मुस्ताक अहमद शाहको इस्लामीक संस्कार अनुसार शनिबार विहान १० बजे नरैनापुर २ मियाँमा हुने वडा नं. २ का अध्यक्ष मूसूद अहमद शाहले जानकारी दिनु भयो ।

यसैबीच नरैनापुर गाँउपालिका प्रमुख प्रशासकिय अधिकृत मणिराम खरालले अध्यक्ष शाहलाई परेको शोकप्रति समवेदना प्रकट गर्नुभएको छ ।

शुक्रबार गाँउकार्यपालिकाको आपतकालीन बैठक बासी शोक प्रस्ताव पारीत गर्दै प्रमुख प्रशासकिय अध्यक्ष खरालले अध्यक्ष शाह प्रति समवेदना प्रकट गर्दै उहाँका दाजुलाई हार्दिक श्रद्धाञ्जली व्यक्त गर्नुभएको हो ।

प्रमुख प्रशासकिय अधिकृत खरालले लेख्नु भएको छ, '.नरैनापुर गाँउपालिकाका अध्यक्ष इश्तियाक अहमद शाहका आदरणीय ठूलो दाजु शैयद मुस्ताक अहमद शाहको ७८ बर्षको उमेरमा दुःखद् निधन भएकोमा उहाँप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु । दुःखको यस घडीमा शोक सन्तप्त परिवार, आफन्त र शुभेच्छुकहरूमा गहिरो समवेदना प्रकट गर्दछु ।'

नरैनापुर गाँउपालिकाका प्रेस विज्ञ आलम खानका अनुसार 'अध्यक्ष शाहका दाजु धार्मिक गुरु हुनु हुन्थ्यो, मुस्लिमहरुको प्रसिद्ध धार्मिक स्थल आस्तान ए हजरत खलीफा नूर अहमद शाहको मजार शरीफको मुख्य पुजारी समेत रहनु भएको थियो । उहाँको निधनले नरैनापुर शोकमा डुबेको छ ।' विज्ञ खानका अनुसार शैयद मुस्ताक अहमद शाह सबै धर्मका बीच धार्मिक सद्भाव बनाई राख्न जोड दिदै आउनु भएको थियो । उहाँ कुनै राजनितिक आस्था संग जोडिनु भएको थिएन बिशुद्ध धार्मिक कार्यमा सकिय रहद रहदै उपचारका कममा निधन भएको हो । उहाँले कुरआनका साथै श्रीमद् भगवदगीताको पनि अध्ययन गर्नु भएको थियो । शनिबार हुने अन्तीम संस्कारमा उहाँको आफन्त र विश्वासीहरु बाँके जिल्ला सहित भारतको उत्तर प्रदेश लगायतका ठाँउबाट हजारौको संस्खामा सहभागि हुने छन् ।

## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**वीरगन्ज महानगरपालिका**
पर्सा, मधेश प्रदेश

## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**मटिहानी नगरपालिका**
महोत्तरी, मधेश प्रदेश

## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**छिन्नमस्ता गाउँपालिका**
सप्तरी, मधेश प्रदेश

# देवानगञ्जमा नेपाल-भारतको सम्बन्ध माथि चर्चा

सुनसरी । नेपाल भारत सम्बन्धलाई काठमाडौ र दिल्लीको भन्दा सीमा वारिपारी बस्ने स्थानीयको नजरले हेर्न सुनसरीको देवानगञ्ज गाउँपालिकामा आयोजित कार्यक्रममा वक्ताहरुले सुझाब दिएका छन् ।

नेपाल भारतको एउटा महत्वपूर्ण छिमेकी हो । सदियौँ पुरानो नागरिक सम्बन्ध र विश्वास, भौगोलिक, धार्मिक, ऐतिहासिक, सांस्कृतिक तथा आर्थिक सम्बन्धहरू दुवै देशका लागि निकै महत्वपूर्ण रहेको सत्यलाई बुझनुपर्छ उहाँहरुको कथन थियो ।

नेपाल भारत सम्बन्धलाई कमजोर बनाउने केही तत्वलाई निरुत्साहित गर्नुपर्ने आवश्यक्ता रहेको पनि उहाँहरुले वताउनुभयो ।

नेपाल भारत खुला सीमा सम्वाद समूहद्वारा आयोजत देवानगञ्ज नरपतगञ्ज अन्तरसम्बाद कार्यक्रममा वक्ताहरुले भने - दूबैदेश वीच सम्बन्ध खराब हुने कार्य कतैवाट हुनु हुँदैन् ।

संविधानसभा सदस्य मुंगालाल यादवले नेपाल र भारतबीचको सम्बन्धलाई घनिष्ठ अनि विशेष बनाउने प्रमुख तत्व भनेको धार्मिक, सामाजिक एवं सांस्कृतिक समानता नै हो । यी दूई देशहरूका जनताले प्राचीन समयदेखि एकै खाले धर्म, संस्कार अंगालेको पाइन्छ भने मिल्दाजुल्दा सामाजिक, सांस्कृतिक चलन र रीतिरिवाज अवलम्बन गरेको पाइन्छ वताउनुभयो । हाम्रा धर्मग्रन्थहरुको विकास गर्दा होस् वा त्यसको अभ्यास गर्दा होस् दुवै देशहरूबीच कुनै भौगोलिक सिमानाको बन्देज रहेको देखिँदैन । हिन्दू धर्मले मान्दै आएका देवीदेवताहरूदेखि लिएर ऋषिमुनिहरूले आफ्नो ज्ञान साधनाको लागि निर्वाधरूपमा एक-अर्को देशमा आवतजावत गरेको देखिन्छ । विश्वका शान्तिका प्रतीक एवं बौद्ध धर्मका प्रतिपादक गौतम बुद्धले समेत नेपाली भूमिका जन्मेर भारतको भूमिमा गएर ज्ञान प्राप्त गरेका थिए । भारत र नेपालबीचको रोटी-बेटीको सम्बन्ध अहिले मात्र जोडिएको होइन । अयोध्याका राजा रामले मिथिलाका छोरी जानकीसँग विवाह गरेका थिए । यसैगरी दुवै देशले धुमधामसँग मनाउने चाडपर्व उही छन्,



सामाजिक मूल्य, संस्कार सबैमा धेरै समानता पाइन्छ । तसर्थ यी दुई देशबीचको सम्बन्ध जस्तोसुकै तागतले पनि छुट्याउनै नसकिने गरी कसिलो छ, प्रगाढ छ ।

नेपाल भारत खुला सीमा संवाद समुहका अध्यक्ष राजीव झाले छिमेकीका बीचमा सानातिना विवाद सधैं नै हुन्छन्, जुन नौलो होइन । तर, ती विवादले स्थायी र दीर्घकालीन सम्बन्धमा खासै असर पार्दैनन् बताउनुभयो । उहाँले भन्नुभयो मुख्य कुरो दुई देशबीच आपसी समझदारी छ कि छैन भन्ने मात्रै हो । त्यस्तो समझदारी रहेसम्म सीमावर्ती क्षेत्रमा हिँड्ने पैदलयात्रीको गोडामा बिझ्ने काँडालाई तूल दिन हुँदैन ।

नेपाल र भारतका बीचको सौन्दर्य नै सु-सम्बन्ध हो । दुई देशका बीच विश्वासको वातावरण भएको खण्डमा विकासका प्रयास सफल हुनेछन् । अहिलेसम्म नेपाल र भारतका बीच कटुता देखिएको छैन । नेपाल र भारतबीच सहअस्तित्व र विश्वासको सम्बन्ध रहोस् भन्ने चाहना राख्नेहरू स-साना विषयमा दुवै देशका नेतृत्वले आफ्नो समय खेर नफालून् भन्ने चाहन्छन् उहाँको कथन थियो ।

नेपाल र भारतबीचको सन् १९५० को शान्ति र मैत्री सन्धी परिमार्जन वा खारेज गरी त्यसको ठाउँमा नयाँ सन्धी गर्ने । खासगरी नेपाल र भारत दुवै देशका प्रवुद्ध व्यक्ति (इ. पि.जी) ले यससम्बन्धी विस्तृत अध्ययन गरी सुझाव दिएको कार्यको आफूहरु स्वीकार नगर्ने बताए । केही व्यक्ति नेपाल भारतको सम्बन्ध खराब गर्नमा लागि परेको बताउँदै उहाँले भन्नुभयो - खराब गर्ने तत्वको खोजी गरी सार्वजनिक गनुपर्छ ।

खुला सीमाका कारण तस्करी र आतंकबाद बढेको गरेको चर्चा गर्नु नै गलत रहेको चर्चा गर्दै झाले भन्नुभयो तस्करी र आतंकबाद सुरक्षाकर्मीको गैरजिम्मेवारिताका कारण मात्रै हुने गरेको छ । काठमाडौ एयरपोर्टमा क्वीन्टलका क्वीन्टल सुन पक्राउ पर्नु तथा आजका दिन नोभेबर २६ मा मुम्बईमा भएको आतंकी हमला र भारतको संसदमा भएको आक्रमण घटना खुला सीमाका कारण नभएको सत्यलाई बुझनुपर्छ उहाँले भन्नुभयो ।

भारतका अररिया जिल्ला परिषद्का उपाध्यक्ष श्रवणकुमार दासले सीमामा देखिएका समस्या समाधानका लागि स्थानीयस्तरवाट पनि समाधान गर्नुपर्छ वताए । उहाँले भन्नुभयो सीमामा सुरक्षाको कुनै समस्या छैन जनस्तरवाटै सुरक्षा भइरहेको जानकारी दिए ।

बुर्जु गाउँपालिकाका अध्यक्ष जीवछ रायले सीमामा जस्तो समस्या देखाइएको छ त्यस्तो नरहेको बताए । हामी एक अर्कासँग परिवार जस्तै रहिरहेको बताए । सीमामा सुरक्षाकर्मीले हामी जस्तोलाई समस्या गरिरहेको छ भने अरुलाई अझै कस्तो समस्या गर्दै होला सहजै बुझन सकिन्छ बताउँदै उहाँले भन्नुभयो मेरो भारतमा केही बिघा जग्गा छन् त्यसमा उब्जेको धानलाई नेपाल ल्याउन समस्या गरिरहेको छ ।

लोसपाका सहमहासचिव संतोष मेहताले कार्यपत्र प्रस्तुत गर्दै सन् १९५० मा गरिएको 'शान्ति तथा मैत्री सन्धि' पछि नेपाल र भारतका बीचको भौगोलिक सिमाना घोषित रुपमा खुला रहेको छ । उक्त सन्धीको बुँदा नम्बर ७मा लेखिएको छ, 'भारत र नेपालका सरकारहरु आवास, सम्पति माथिको स्वामित्व, वाणिज्य तथा व्यापारमा सहभागिता, आवत-जावतको सुविधा र यस्तै प्रकृतिका अन्य सुविधाहरुमा एउटा देशका नागरिकलाई अर्को देशको भूमिमा पारस्पारिक आधारमा समान सुविधा प्रदानगर्न मंजुर गर्दछन यो पालना तर्फ दूबै सरकारले कार्य गर्नुपर्छ वताउनुयो ।

देवानगञ्ज गाउँपालिकाका उपाध्यक्ष कुमारी विभा यादवले खुला सीमाका कारण जति यो क्षेत्रको विकास भइरहेको छ त्यति सीमा बन्द गरेर हुन नसक्ने बताइन । उहाँले खुला सीमाका कारण हामी नेपालीले उपचारका लागि सहजै भारत जान पाउँछौ, पढनका लागि पनि उता जान समस्या हुँदैन बताइन ।

कार्यपत्र प्रस्तुत गर्दै जनकपुरधामका पत्रकार सुजीतकुमार झाले भारत शक्तिशाली हुँदै गर्दा दुई देशको सम्बन्धमा के फरक पर्छ ? यो भन्दा पनि नेपालले लाभ कसरी लिन सक्छ भन्नेमा चिन्तन मनन आवश्यक रहेको उल्लेख गरेका छन् ।

कहिलेकाहिँ खुला सिमानाको चर्चा हुन्छ । तर, यो कुराको चर्चा हुँदैन कि युरोपियन युनियन बन्नुभन्दा पहिल्यै नेपाल र भारतबीच खुला सिमाना थियो । युरोपियन युनियनका मुलुक एक-अर्काबीच खुला हुँदा केही नहुने, नेपाल र भारतबीच लामो समयदेखि रहँदै आएको खुला सीमानालाई सम्पत्ति (एसेट)का रूपमा हामीले किन प्रयोग नगर्ने ? यसमा विहंगम बहस जरुरी छ सो कार्यपत्रमा उल्लेख रहेको छ ।

नेपाल भारत खुला सीमा संवाद समूह सुनसरीका जिल्ला संयोजक राकेश महतोको अध्यक्षतामा भएको सो समारोहमा जसपाका केन्द्रिय सदस्य दिनेश मेहता, लोसपा सुनसरीका जिल्ला अध्यक्ष रामनारायण यादव, अनिलकुमार झा, राष्टिय स्वतन्त्र पार्टीका वीरेन्द्र केएम, एम नेपालका चुन्नी खातुन, रामविलास मेहता, मोहरम अन्सारी, रोशन मेहता लगायतले बोल्नु भएको थियो ।




## पाकिस्तानी दूतावास अगाडि प्रदर्शन

काठमाडौं । २६/११ मुम्बई हमलाको १५ औं वार्षिकोत्सवमा विनय यादव नेतृत्वको राष्ट्रिय एकता अभियानले नेपालस्थित पाकिस्तानी दूतावास अगाडि प्रदर्शन गरेको छ ।

प्रदर्शनकर्ताहरूलाई सन्क्षिप्त सम्बोधन गर्दै यादवले आतंकवाद नेपालको राष्ट्रिय सुरक्षाको समेत चुनौती रहेको भन्दै सतर्क रहन चेतावनी पनि दिनुभयो । उहाँले पाकिस्तानसङ्ग आतंकवाद रोक्न र मानवअधिकारको पालना गर्न मागसँगै हिन्दूहरूको सहयोगी बन्न पनि आह्वान गर्नुभयो ।

यादवले २६/११ को मुम्बई हमलाले हामीलाई आतंकवाद निर्मूल गर्न एकजुट भएर बस्नु पर्ने कुरा सिकाएको बताउनुभयो । उनले आतंकवादी गतिविधि र राष्ट्रिय सुरक्षाका लागि अहिले चुनौतीपूर्ण समय भएकाले नेपाल पनि सतर्क रहनुपर्ने बताए ।

राष्ट्रिय एकता अभियानका समर्थकहरूले पनि पाकिस्तानविरुद्ध एकमतको भावना व्यक्त गरेका छन् र आतंकवादलाई समर्थन गर्नु अपराध हो जुन विश्वका लागि खतरा भएको बताएका छन्। यससँगै अभियानद्वारा हिन्दु समुदायलाई एकताबद्ध राख्न र राष्ट्रिय एकताको प्रवर्द्धन गर्ने समेत आव्हान गरिएको छ ।

उक्त प्रदर्शनमा सहभागीहरुले आतंकवाद र मानवअधिकार उल्लङ्घनका विरुद्ध सबै देश एकजुट भएर प्रत्यक्ष अडान लिनुपर्ने भन्दै समर्थन जनाएका छन् । यस प्रदर्शनले शान्तिपूर्ण र एकताबद्ध सन्देश दिएको छ र मानिसहरूलाई एकताबद्ध भएर विश्वलाई शान्ति र सुरक्षातर्फ लैजान प्रेरित गरेको छ।

# जिल्ला समाचार

## एसपीको संयोजकत्वमा लैंगिक हिंसा नियन्त्रण जिल्ला सञ्जाल

सप्तरी । लैङ्गिक हिंसा नियन्त्रणका लागि बुधबार जिल्लामा १९ सदस्यीय लैङ्गिक हिंसा नियन्त्रण जिल्ला सञ्जाल गठन गरिएको छ । जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रमुख एवम् प्रहरी उपरिक्षक (एसपी) गजु सिद्धि बज्राचार्यको अध्यक्षतामा बसेको वैठकले १९ सदस्यीय लैङ्गिक हिंसा नियन्त्रण जिल्ला सञ्जाल समिति गठन गरेको प्रहरी नायव उपरिक्षक शिव शर्माले जानकारी दिनु भयो । प्रहरी उपरिक्षक बज्राचार्यको संयोजकत्वमा गठित समितिमा जिल्ला प्रशासन कार्यालयका अधिकृत भिमराज बस्नेत, मानव अधिकारको क्षेत्रमा कार्यरत प्रतिनिधिबाट इन्सेक सप्तरी प्रतिनिधि मनोहर कुमार पोखरेल, जिल्ला बार एकाईबाट अध्यक्ष रामप्रसाद चौधरी, उद्योग बाणिज्य संघबाट अध्यक्ष लालु अग्रवाल, नागरिक समाजबाट अध्यक्ष थानसिंह भन्साली, गैसस महासंघ सप्तरीका अध्यक्ष दिपक झा, प्याब्सनका अध्यक्ष अरुणकुमार देव, स्थानीय विद्यालयबाट पब्लिक विन्देश्वरी माध्यमिक विधालय राजविराजका प्रधानाध्यापक मोहन मिश्र चयन हुनु भएको छ । यसैगरी सामुदायिक सेवा केन्द्रबाट अध्यक्ष धिरेन्द्रकुमार दास, जिल्ला स्तरिय समुदाय प्रहरी साझेदारी समितिबाट अनिता देवकोटा, सञ्चार क्षेत्रबाट नेपाल पत्रकार महासंघका सदस्य दिनानाथ यादव, सुरक्षित आवास गृह सञ्चालन गरिरहेको गैससबाट सबिता न्यौपाने, लैङ्गिक हिंसा क्षेत्रमा कार्यरत गैससबाट सबल नेपालका परमेश्वर झा, न्याय क्षेत्रमा कार्यरत महिलाबाट अधिवक्ता साधना कर्ण, जिल्ला बाल क्लबबाट अध्यक्ष सलमा खातुनलाई चयन गरिएको छ । सदस्य सचिव (पदेन) मा महिला बालबालिका तथा जेष्ठ नागरिक सेवा केन्द्रका प्रहरी निरीक्षक अवधेश कुमार यादव रहनु भएको छ । लैङ्गिक हिंसाका घटनाहरू तत्काल सम्बोधन गर्न कार्ययोजना बनाई प्रभावकारी कार्यान्वयन गर्ने, लैङ्गिक हिंसा न्यूनीकरण तथा नियन्त्रणका लागि स्थानीय श्रोतको पहिचान तथा परिचालन गर्ने, लैङ्गिक हिंसा न्यूनीकरणका लागि पीडितलाई सेवा प्रदान गर्ने एवम् जनचेतनामूलक कार्य गर्ने र सम्बन्धित निकाय, गैरसरकारी निकायहरूसँग समन्वय र सहकार्य गर्ने सञ्जालको उद्देश्य रहेको छ ।

## वडा कार्यालय उद्घाटन



महोत्तरी । मटिहानी नगरपालिका वडा नम्बर १ को वडा कार्यालय भवनको निर्माण कार्य सम्पन्न भएको छ । यसै बीच नव-निर्मित वडा कार्यालय भवनको आज एक समारोह बीच मटिहानी नगरपालिका प्रमुख हरि प्रसाद मण्डल र वडा नम्बर १ का वड़ा अध्यक्ष शिवशंकर कुमार रायले संयुक्त रुपमा समुद्घाटन गर्नुभयो । सो अवसरमा प्रमुख मण्डलले वडा कार्यालयको भवन निर्माण सँगै कामकाजमा सहयोग पुग्ने भन्नुभयो । मटिहानी नगरपालिका वाड नं. १ को वडास्तरीय योजना कार्यक्रम अन्तर्गत २३ लाख १२ हजारको लागतमा तिन कोठे वडा कार्यालय भवन निर्माण भएको कुरा पालिकाको प्राविधिक बिमलेश साहले जनाएको छ । सो वड़ा कार्यालय भवन निर्माणको लागि मटिहानी नगरपालिका वड़ा नं. २ निवासी श्री रामचन्द्र ठाकुरले १३.५ कठा जग्गा निःशुल्क उपलब्ध गराउनु भयो । कार्यक्रममा मटिहानी नगरपालिकाका उप-प्रमुख मञ्जु देवी साह, लोसपा नेपाल नगर कार्यसमिति अध्यक्ष श्याम कुमार मण्डल,वड़ा अध्यक्षहरु नाजिर मिया, मिश्री नायक, कलीम अंसारी, जीतनारायण माझी, रितेश साह, मदन चौधरी, प्रमुख प्रशासकीय अधिकृत चन्द्र शेखर शर्मा, स्वास्थ्य शाखा प्रमुख पवन कुमार मण्डल, योजना अधिकृत राजेश कुमार शर्मा, कार्यपालिका सदस्यहरु लगायत स्थानीयहरु उपस्थित रहेका थिए । मटिहानी नगरपालिकाको ९ वटै वडा मध्ये ८ वटा वडा हरुको आफ्नै भवन निर्माण छ, भने बाँकी रहेको एक वटा वडा नम्बर ८ यो आर्थिक वर्षमा वडा कार्यालय भवन निर्माण हुनेछ ।

## आतंकवाद विरुद्ध सचेतना कार्यक्रम

रौतहट । जिल्लाको सदरमुकाम गौरमा राष्ट्रिय एकता अभियानले प्रदर्शन गरेको छ । सो प्रदर्शनको मुख्य उद्देश्य जिहादी आतंकवाद विरुद्ध सचेतना फैलाउनु रहेको बताईएको छ । प्रदर्शनका क्रममा अभियानका कार्यकर्ताहरूले जिहादी आतंकवादविरुद्ध नारा लगाएका थिए। कार्यक्रममा राष्ट्रिय एकता अभियानका केन्द्रीय अध्यक्ष विनय यादवको प्रमुख वक्ताको रुपमा सहभागिता रहेको थियो । आफ्नो सम्बोधनमा उनले जिहादी आतंकवाद एउटा गम्भीर समस्या हो जसले देशको एकता र अखण्डतालाई खतरामा पारेको बताए । उनले सो समस्याविरुद्ध एकजुट भएर लड्नुपर्ने बताए । त्यस्तै, प्रदर्शनमा सहभागी सौरभानाथ महाराजले नेपाल निकट भबिस्य मै संघीय हिन्दु गणतन्त्र बन्ने दावी गरे। कार्यक्रममा अभियानका मधेश सम्पर्क समितीका संयोजक विनोद सिंह, रौतहटका जिल्ला समितिका संयोजक रामनिवास सिंह, रौतहट जिल्ला समितीका सचिव गुड्डु यादव, महिला संयोजक मिना देवी दास र महिला नेत्री शुशीला देवीलगायतको पनि सहभागिता रहेको थियो । अभियानले जिहादी आतंकवादको विरुद्ध कडा विरोध व्यक्त गर्दैआएको छ।

## दश कट्ठा खेतमा अवैध रूपमा लगाएको गाँजाको बोट नष्ट गरिएको

पर्सा । ठोरी गाउँपालिका वडा नम्बर ३ र ४ स्थितमा दश कट्ठा खेतमा अवैध रूपमा लगाएका करिब ८ हजार गाँजाको बोट बुधबार नष्ट गरिएको छ । जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको प्रहरीले प्रहरी कारवाहीको सिलसिलामा उक्त खेतमा अवैध रूपमा लगाएको गाँजाका बोटहरू फडानी गरी नष्ट गरेको हो । प्रहरीले गाँजा खेतीमा सलंग्न व्यक्तिहरूको पहिचान तथा खोजी गर्नुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ ।

## आगो ताप्ने क्रममा जलेर मृत्यु

बर्दिया । बारबर्दिया नगरपालिका-९ बनगाई बस्ने ६६ वर्षीया चन्द्रकला वलीको आफ्नै घरमा आगो ताप्ने क्रममा जलेर बुधबार बिहान मृत्यु भएको छ । आगो ताप्ने क्रममा कपडामा आगो सल्किन गई जलेर गम्भीर घाइते भएकी उनको उपचारको लागि काठमाडौंतर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको हो ।

## ट्याक्टरबाट लडेर एक जनाको मृत्यु

बारा । कोल्हवी नगरपालिका-१ बटौलियामा ना.५ त ४६७५ नम्बरको ट्याक्टरबाट लडेर ट्याक्टरमा सवार सोही ठाउँ बस्ने ट्याक्टर धनी ६५ वर्षीय नारायण चौधरीको बुधबार मृत्यु भएको छ । ट्र्याक्टरबाट लडेर गम्भीर घाइते भएका उनको एनएमसी अस्पताल वीरगंजमा उपचारको क्रममा मृत्यु भएको हो ।

## कुटपिटबाट मृत्यु, ७ जना पक्राउ

कैलाली । घोडाघोडी नगरपालिका-२ बस्ने २६ वर्षीय मोहन अधिकारीको कुटपिटबाट गएराति मृत्यु भएको छ । कुटपिटमा संलग्न रहेको अभियोगमा लम्कीचुहा नगरपालिका-९ घोराघाट बस्ने २३ वर्षीय विवेक भुल समेत ७ जनालाई प्रहरीले नियन्त्रणमा लिएको छ । लम्कीचुहा नगरपालिका-९ घोराघाटस्थित आफन्तको विवाहमा आएका मोहनलाई विवेक लगायतका व्यक्तिहरूले कुटपिट गर्दा गम्भीर घाइते भई उपचारको लागि लालरत्न अस्पताल हुँदै टिकापुर अस्पताल कैलाली लगिएकोमा थप उपचारको क्रममा मृत्यु भएको थियो ।

# भारतद्वारा रुपन्देहीमा उच्च प्रभाव सामुदायिक विकास परियोजनाको निर्माण




काठमाडौं । 'नेपाल-भारत विकास सहकार्य' अन्तर्गत भारत सरकारको नेरु १.२५ करोड आर्थिक सहयोगमा रुपन्देही जिल्लाको रोहिणी गाउँपालिका-२, भटपुरवास्थित श्री पोखरभिण्डी माध्यमिक विद्यालयको नवनिर्मित विद्यालय भवनको नेपालका उपराष्ट्रपति रामसहाय यादवले भारतीय राजदूतावास, काठमाडौंका कार्यवाहक राजदूत प्रसन्न श्रीवास्तवको उपस्थितिमा औपचारिक उद्धाटन गर्नुभयो । उक्त कार्यक्रममा राजनीतिक प्रतिनिधि, सरकारी अधिकारी, समाजसेवी, विद्यालय व्यवस्थापनका प्रतिनिधि, शिक्षकरशिक्षिका, अभिभावक तथा विद्यार्थीहरुको पनि उपस्थिति रहेको थियो ।

'नेपाल-भारत विकास सहकार्य' अन्तर्गतको भारत सरकारको अनुदान दुई तल्ले विद्यालय भवन निर्माणमा उपयोग गरिएको थियो । भारत सरकार र नेपाल सरकारबीच भएको सम्झौता अन्तर्गत पहिले साना विकास परियोजना नामले परिचित यस परियोजनालाई उच्च प्रभाव सामुदायिक विकास परियोजनाको रुपमा अघि बढाइएको हो । जिल्ला समन्वय समिति, रुपन्देहीमार्फत यो परियोजनाको कार्यान्वयन गरिएको हो ।

कार्यक्रममा बोल्दै उपराष्ट्रपति ज्यूले नेपालका शैक्षिक तथा अन्य विविध क्षेत्रमा पूर्वाधार विकासका लागि भारत सरकारले गरेको सहयोगको प्रशंसा गर्दै दुई देशबीचको विकास साझेदारीले दुई देशका जनताबीचको मित्रताको सम्बन्धलाई अझ मजबुत बनाउन ठूलो योगदान गरेको बताउनुभयो ।

भारतीय राजदूतावास, काठमाडौंका कार्यवाहक राजदूत प्रसन्न श्रीवास्तवले यी परियोजना भारत र नेपालबीचको बलियो विकास साझेदारीको एक महत्वपूर्ण हिस्सा भएको बताउनुभयो । साथै वहाँले यी परियोजनाले हालैका वर्षमा उल्लेख्य प्रगति हासिल गरेको र नेपाल सरकार र नेपाली जनताका प्राथमिकतामा रहेका विभिन्न क्षेत्रहरुलाई समेत समेटेको बताउनुभयो । वहाँले दुवै देशका जनताको हितका लागि नेपाल सरकारको प्राथमिकता अनुरुप विकास साझेदारीलाई सुदृढ गर्न भारत सरकार निरन्तर लागिपर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

श्री पोखरभिण्डी माध्यमिक विद्यालय सन् १९५९ मा स्थापना भएको हो । त्यसयता यस क्षेत्रका विद्यार्थीलाई कक्षा १० सम्मको शिक्षा दिदै विद्यालयले राम्रो शैक्षिक वातावरणमा गुणस्तरिय शिक्षा प्रदान गर्दै आएको छ । विद्यायलमा ६०० भन्दा बढी विद्यार्थी अध्ययनरत छन् जसमा करिब ५५५ छात्रा रहेका छन् ।

सन् २००३ यता नेपालका विभिन्न क्षेत्रमा ५५० वटा भन्दा बढी उच्च प्रभाव सामुदायिक विकास परियोजना अघि बढाइएका छन् र ४८८ वटा परियोजना सम्पन्न भइसकेका छन् । यी मध्ये ६० वटा परियोजना लुम्बिनी प्रदेशमा रहेका छन् जसमा १२ वटा परियोजना रुपन्देहीमा छन् । यसका साथै भारत सरकारले स्वतन्त्रता दिवस र गणतन्त्र दिवसको अवसरमा नेपालका विभिन्न अस्पताल, स्वास्थ्य चौकी र शैक्षिक संस्थालाई ९७४ वटा एम्बुलेन्स र २३४ वटा स्कुल बस उपहारस्वरुप प्रदान गरिसकेको छ जसमध्ये लुम्बिनी प्रदेशलाई १६० वटा एम्बुलेन्स र ३५ वटा स्कुल बस उपहारस्वरुप प्रदान गरिएको छ । रुपन्देही जिल्लालाई हालसम्म २९ वटा एम्बुलेन्स र १४ वटा स्कुल बस प्रदान गरिएको छ ।

नजिकको छिमेकी भएको नाताले भारत र नेपालबीच व्यापक र बहुक्षेत्रीय सहकार्य रहेको छ । यस परियोजनाको कार्यान्वयनले नेपाली जनताको समुन्नतिका लागि र प्राथमिकताका क्षेत्र विशेष गरी नेपालको शैक्षिक क्षेत्रमा पूर्वाधारको विस्तारका लागि नेपाल सरकारले चालेका प्रयासमा भारत सरकार सदैव हातेमालो गर्न तयार रहेको कुरालाई प्रतिबिम्बित गरेको छ ।

आर्थिक समाचार

## नेपाल लाइफ अन्तर्राष्ट्रिय अवार्डबाट सम्मानित

काठमाडौं । नेपालको सर्वाधिक विश्वासिलो जीवन बीमा कम्पनी नेपाल लाइफ इन्स्योरेन्स कम्पनीलाई भारतको मुम्बई स्थीत होटल ताज ल्यांड्स इंड्समा आयोजित चौथो आइसीसी इमार्जिंग एशिया इन्स्योरेन्स कन्केल्भ तथा अवार्ड,२०२३ समारोहमा "Outstanding Performance in the Life Insurance Industry of Nepal" बाट सम्मानित गरिएको छ । २०८० मंसीर ७ गते सम्पन्न अवार्ड समारोह इन्डियन च्याम्बर अफ कमर्सद्वारा आयोजना गरिएको हो । कम्पनीद्वारा गरिएको दाबी भुक्तानीको अनुपात, चुक्तापुंजी, प्रथम बीमा शुल्क आर्जन र कम्पनीद्वारा प्रशिक्षणमा गरिएको लगानी जस्ता मापदण्डहरुलाई मुल्यांकन गर्दै नेपाल लाइफ इन्स्योरेन्स कम्पनीलाई यो सम्मान प्रदान गरिएको हो । उक्त अन्तराष्ट्रिय सम्मान यस कम्पनीका प्रमुख कार्यकारी अधिकृत प्रवीण रमण पराजुलीले ग्रहण गर्नु भएको छ । चौथो आइसीसी इमार्जिंग एशिया इन्स्योरेन्स कन्केल्भ तथा अवार्ड,२०२३ PWC भारतको सहकार्यमा गरिएको हो । संसारमै लब्धप्रतिष्ठीत परामर्शदाता PWC ले एसियामा उदीयमान इन्स्योरेन्स कम्पनीहरुको कार्यसम्पादन गर्ने प्रक्रियालाई समिक्षा गर्दै कम्पनीहरुलाई विभिन्न विधामा सम्मानित गरिएको हो । कम्पनीको कार्य कुशलता, प्रभावकारी एवम् पारदर्शी नीति तथा योजना, आम जनमानसको विश्वसनीयता र लोकप्रियता तथा चुस्त, सहज र विस्तारित सेवा प्रवाहको आधारमा सर्वश्रेष्ठ रहँदै कार्यसम्पादन गरेकाले कम्पनीलाई "Outstanding Performance in the Life Insurance Industry of Nepal" बाट सम्मानित गरिएको हो ।

## गौर...

इन्चार्जको जिम्मेवारी तोकिएको छ । यसैगरी भारतका लागि बाबुराम कौशिकलाई इन्चार्ज र बिजय यादवलाई सहइन्चार्ज, साउदी, कतार र दुवईका लागि लालबाबु मंसुरीलाई इन्चार्जको जिम्मेवारी तोकिएको छ । यसैगरी बैठकले १४ पुसमा पार्टीको स्थापना दिवस भव्यरुपमा मनाउँने निर्णय समेत गरेको छ । पार्टीको भातृसंगठन आईटी आर्मीको राष्ट्रिय भेला गर्ने निर्णय समेत बैठकले गरेको छ । विशेष अदालतबाट भ्रष्टाचार मुद्दामा दोषी ठहर भएकोले पार्टीका उपाध्यक्ष रहेका पूर्वमन्त्री बद्री प्रसाद न्यौपानेलाई निर्दोष साबित नहुँदासम्मको लागी पार्टीको सम्पूर्ण जिम्मेवारीबाट निलम्बन गर्ने निर्णय बैठकले गरेको छ ।

"कसैले पनि बालबालिकालाई बाल यौन दुर्व्यवहार नगरौं" यस्तो कार्य गरेको पाइएमा बढीमा डेड लाखसम्म जरिवाना र पच्चीस वर्षसम्म कैद हुन्छ ।

बालबालिकाप्रति यस्तो दुर्व्यवहार भएको पाइएमा नजिकको प्रहरी कार्यालयको नि:शुल्क टेलिफोन नं. १०० माउजुरी गरौं वा पैसा नलाग्ने बालबालिका खोजतलास नं. १०४ र बाल हेल्पलाइन नं. १०९८ नेपालमा खबर गरी बाल यौन दुर्व्यवहारको अन्त्य गरौं ।

"विपद्मा बालअधिकारको सुनिश्चितता : हामी सबैको साझा प्रतिबद्धता"

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

राष्ट्रिय बालअधिकार परिषद्

website: www.ncrc.gov.np, फोन नं. : १-५५५०१२१ र फ्याक्स नं. : १-५५२७५९१

भूकम्पको जोखिमबाट सुरक्षित बनौं

- भूकम्प जाँदा कमजोर संरचनाका कारण बढी जनधनको क्षति हुने गर्दछ ।
- घर तथा अन्य संरचना निर्माण गर्दा भूकम्प प्रतिरोधी तथा बलियो बनाऔं ।
- प्राविधिकको सल्लाह लिएर मात्र सुरक्षित घर बनाऔं र पुरानो भए मर्मत सम्भार गरौं ।
- भूकम्पबाट सुरक्षित रहन आवश्यक पूर्वतयारी गरौं ।
- भूकम्प जाँदा आत्तिएर जथाभावी दौडने र भाग्ने नगरौं ।
- धैर्यतापूर्वक घर/भवन बाहिर खुला तथा सुरक्षित स्थानमा जाऔं ।
- भूकम्पमा अप्ठ्यारो परेकालाई सहयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड




पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse @gmail.com

**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, का. सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१,
Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं